# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्याशं (ने.पा.शि. ५५८) को उद्देश्य पूरा गर्नका लागि शोधपत्र लेखन कार्य गरिएको हो । यस अध्ययनले कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधा पाठ्यक्रम अनुरूप भए नभएको अध्ययन गर्न सहयोग गर्दछ ।

यस शोधपत्रको शीर्षक 'पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन' रहेको छ । शिक्षाको उद्देश्य निर्धारण पश्चात् उद्देश्यलाई व्यावहारिक रूपमा परिवर्तन गर्नका लागि बनाइएको सुव्यवस्थित योजना नै पाठ्यक्रम हो । पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकमा विभिन्न विधाहरू समावेश गरेको हुन्छ । पाठ्पुस्तकमा समावेश गर्ने विधा छनोट गर्दा विद्यार्थीको स्तर, तह, रुचि, क्षमता, आवश्यकता र पारिवारिक पृष्ठभूमिलाई ख्याल गर्नु पर्दछ । यस अनुरूप पाठ्यपुस्तकमा समावेश गरियो भने पाठ्यपुस्तक प्रभावकारी हुन्छ । पाठ्यक्रम अनुरूप पाठ्यपुस्तक निर्माण गरिएन भने पाठ्यपुस्तक उपलब्धिमूलक बन्न सक्दैन । पाठ्यपुस्तक सफल हुन सर्वप्रथम पाठ्यक्रम उपयुक्त हुनु पर्दछ ।

यस अध्ययनले कक्षा ७ को कथा विधा पाठ्यक्रम अनुरूप भए नभएको पहिचान गर्न तथा कथा विधाले भाषाको आधारभूत चार सीपमा दक्षता हासिल गर्न सहयोग पुऱ्याएको छ । यसरी कक्षा ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधा पाठ्यक्रम अनुरूप भए नभएको पत्ता लगाउन यस तहका कथा विधा र कक्षा ७ को पाठ्यक्रम र पाठ्यपुस्तकको अध्ययन गरी शोध कार्यलाई निष्कर्षमा पुऱ्याएको छ ।

## १.२ समस्या कथन

पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययनलाई मूल समस्याको रूपमा उठाइएको यस शोधकार्यलाई निम्नलिखित समस्यामा केन्द्रित गरिएको छ :

१) कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पाठ्यक्रम अनुरूप छन् ?

२) कक्षा ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा भाषिक सीप विकास गर्ने प्रवृतिका कथाहरू समावेश गरिएका छन् ?

३) कक्षा सातमा अध्ययन गर्ने विद्यार्थीहरूको रुचि, क्षमता र स्तर अनुसारका कथाहरू समाविष्ट छन् ?

४) पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पाठ्यक्रमका क्षेत्र र क्रमका आधारमा राखिएका छन् ?

## १.३ अध्ययनको औचित्य

कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पाठ्यक्रम अनुरुपताका दृष्टिले अध्ययन गर्दा पाठ्यक्रम अनुसार भाषिक सीप विकासका लागि पाठ्यसामग्रीहरूको पर्याप्तता र उपयुक्तता पहिल्याउन सकिन्छ। यस अध्ययनले कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा रहेका कथाहरू पाठ्यक्रम अनुरूप भए नभएको कुरा पहिल्याइ तिनमा रहेको कमीकमजोरी पत्ता लगाउनु सहयोग पुग्दछ। पाठ्यपुस्तकमा समावेश भएका कथाहरू पाठ्यक्रम अनुरूप नभएमा पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू पूरा नभइ भाषिक क्षमताका विकास गर्न कठिनाइ पर्न सक्छ। त्यसैले पाठ्यपुस्तकमा भएका पाठ्यक्रम जनित कमीकमजोरीलाई निराकरण गर्दै लैजान र भाविष्यमा निर्माण गरिने पाठ्यपुस्तकलाई स्तरयुक्त बनाउन विभिन्न तरिकाले अध्ययन भइरहनु आवश्यक पर्छ। यी विभिन्न कारणले यस अध्ययनलाई औचित्य पूर्ण ठानिएको छ।

## १.४ अध्ययनको उद्देश्य

प्रस्तुत शोधपत्र निम्नलिखित उद्देश्यमा केन्द्रित रहेको छ :

१) कक्षा सातको हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरू पाठ्यक्रम अनुरूप भए नभएको पहिचान गर्नु।

२) कथा विधाका पाठहरूको भाषिक सीप पक्षको विश्लेषण गर्नु।

३) कक्षा सातको कथा विधा विद्याथीहरूको रूचि, क्षमता र स्तर अनुरूपताको पहिचान गर्नु।

४) पाठ्यपुस्तकमा समाविष्ट कथाहरूलाई पाठ्यक्रमका क्षेत्र र क्रमका आधारमा विश्लेषण गर्नु ।

## १.५ अध्ययनको महत्व

अनुसन्धान कार्यमा अध्ययनको विशेष महत्व रहेको पाइन्छ । अध्ययनले अनुसन्धान कार्यलाई मार्गनिर्देश गर्न र निश्चित गन्तव्यमा पुग्न सहयोग पुऱ्याउँछ । अध्ययनले अनुसन्धान कार्यलाई विश्वसनिय प्रामाणिक र वैध बनाउन सहयोग पुऱ्याउँद छ । यस अध्ययनको महत्वहरू कक्षा ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पाठ्यक्रम अनुरूप भए नभएको पत्ता लगाउने, कक्षा ७ को पाठ्यपुस्तकमा समाविष्ट कथाहरू कक्षा ७ मा अध्ययन गर्ने विद्यार्थीहरूको रुचि क्षमता र स्तरअनुरूप भए नभएको पहिचान गर्नु,कक्षा ७ को पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पाठ्यक्रमको क्षेत्र र क्रमका आधारमा भए नभएको अध्ययन गर्नु रहेका छ ।

## १.६ अध्ययनको सीमा

प्रस्तुत शोधकार्यको सीमाङ्कन निम्नानुसार गरिएको छ :

१) प्रस्तुत अध्ययन नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरले तयार पारेको कक्षा सातको नेपाली विषयको पाठ्यक्रममा आधारित रहेको छ ।

२) प्रस्तुत अध्ययन कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा दिइएका कथाहरूमा मात्र सीमित गरिएको छ ।

३) प्रस्तुत अध्ययन कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूमा मात्र सीमित रही उक्त कथाहरू पाठ्यक्रम अनुरूप भाषिक सीप क्षेत्र र क्रम विद्यार्थीको रुचि, क्षमता र स्तर अनुरूप भए नभएको कुरामा सीमित गरिएको छ ।

## १.७ प्रयुक्त मुख्य मुख्य शब्दहरूको अर्थ/परिभाषा

यस शोधपत्रमा प्रयुक्त मुख्य शब्दहरूको अर्थ/ परिभाषा निम्नानुसार रहेको छ :

| | | |
|---|---|---|
| गन्तव्य | : | निश्चित विन्दु |
| शब्दभण्डार | : | शब्दहरूको थुप्रो, ढुकुटी |

| | | |
|---|---|---|
| कुख्यात | : | नराम्रो काम कुरामा प्रसिद्धि छाएको बदमास |
| क्लिष्ट | : | बुझ्न कठिन |
| चुर्णमिश्रीत | : | धुलो मिसिएको |
| स्वर्णकङ्कण | : | चाहिदो काममा पनि पैसा खर्च गर्न नसक्ने |
| मूल्याङ्कन | : | कुनै पनि कार्यको अन्त्यमा गरिने लेखाजोखा |
| श्रङ्खलाबद्ध | : | एक पछि अर्को क्रमशः आउने |

# अध्याय : दुई
# पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणाको स्वरूप

## २.१ पूर्व कार्यको समीक्षा

कुनै पनि कार्य थालनी गर्नु अघि त्यस विषय अन्तर्गत भए गरेका पूर्वकार्यहरूको अध्ययनबाट आफूले गर्न खोजेको कार्यलाई प्रभावकारी बनाउन सहयोग पुग्दछ । कथा विधा सम्बन्धी विभिन्न शोधकर्ताहरूले विभिन्न पाठ्युस्तक र पाठ्यक्रममा आधारित भएर शोधपत्र लेखन कार्य गरेका छन् । यस भन्दा अगाडिका विभिन्न शोधकर्ताहरूले कथा विधाका बारेमा गरेका कार्यहरूको समीक्षालाई तल प्रस्तुत गरिएको छ :

अर्याल (२०५५)द्वारा 'कक्षा पाँचको मेरो नेपाली किताबमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन' नामक शोधपत्रमा कथा विधासँग सम्वद्ध रहेर समाविष्ट कथाहरूको पाठ्यक्रमसँगको सापेक्षता, भाषिक उपलब्धि, विद्यार्थीहरूको उमेर, रूचि एवम् क्षमता अनुसार कथाको छनोट गरिएको छ छैन ? भन्ने उद्देश्य राखिएको छ । यस उद्देश्यलाई पूर्णता प्रदान गर्नका लागि अन्तर्वाता, प्रश्नावली, पुस्तकालयको उपयोग विश्लेषणात्मक र वर्णनात्मक विधिको प्रयोग गरिएको छ । यस उद्देश्यमा केन्द्रित भएर व्याख्या विश्लेषण गर्ने क्रममा विद्यार्थीको उमेर, क्षमता, रुचिमा कम ध्यान दिएको, पाठ्यक्रमसँग पूर्ण रूपमा सापेक्षित नभएको निष्कर्ष निकालिएको छ ।

अधिकारी र शर्मा(२०५७) द्वारा लिखित 'नेपाली भाषा शिक्षण' नामक पुस्तकमा कथा शिक्षणको औचित्य भाषा तत्त्वको विकासमा कथाको उपयोगिताबारे चर्चा गरिएको छ । सो पुस्तकमा विद्यालय तहमा राखिएका लोक कथा, आधुनिक कथा घटनाहरू परिवर्तन गरेर त्यसै किसिमका अर्को कथा बनाई वा त्यही कथा अर्को प्रसङ्गमा लिखित रूपमा प्रस्तुत गरेर शिक्षार्थीलाई प्रोत्साहन गरी सिर्जनात्मकता तर्फ प्रेरित गर्न सकिन्छ भन्ने धारणा प्रस्तुत गरेको पाइन्छ । त्यसैले पनि कथा शिक्षणको महत्त्व स्पष्ट हुन्छ ।

भट्टराई (२०६१) द्वारा लिखित 'कक्षा सातको नयाँ पाठ्यक्रम अनुसारका नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणत्मक अध्ययन' शीर्षक शोधपत्रमा नि.मा.वि. तहको अनिवार्य नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको पाठ्यक्रम अनुरूपता पहिल्याउनु, ती कथाहरूको संरचना तथा भाषिक पक्षको विश्लेषण गर्ने, भाषा शिक्षणका दृष्टिले उक्त कथाहरूको प्रयोजन केलाउने, उद्देश्य अनुसार अध्यासको

विश्लेषण गर्ने, छनोट र स्तरणका आधारमा कथाको समीक्षा गर्ने उद्देश्य राखी अध्ययन गरेको देखिन्छ । यी उद्देश्यहरू पूरा गर्न प्रश्नावली अन्तर्वार्ता, वर्णनात्मक, विश्लेषणात्मक विधिको प्रयोग गरिएको पाइन्छ । त्यस विषयमा व्याख्या विश्लेषण गर्दा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पाठ्यक्रम अनुरूप भएको संरचना र भाषिक पक्षको दृष्टिले उपयुक्त, भाषिक सीपका दृष्टिले अभ्यासहरू समावेश नगरिएको ती अभ्यासहरू प्रत्येक कथामा फरकपन रहेको निष्कर्ष निकालिएको छ ।

खत्री (२०६२) द्वारा 'कक्षा आठको हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन' नामक शोधपत्रमा कक्षा आठमा समाविष्ट कथाहरू पाठ्यकम अनुरूप भए नभएको पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विभिन्न आधारमा विश्लेषण, कथाको पाठमा दिइएका नमुना अध्यासको पहिचान उद्देश्यको रूपमा राखिएको छ । यस शोत्रपत्रका लागि अन्तर्वार्ता, पुस्तकालय, विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ । यस शोधपत्रको उद्देश्यमा केन्द्रित भएर व्याख्या, विश्लेषण गर्दा कक्षा आठको पाठ्यपुस्तकमा पाठ्यकम अनुरूप कथाहरूको पाठ चयन नगरिएको, कथामा आवश्यक उखान टुक्काको प्रयोग नगरिएको, शिक्षणका दृष्टिले उपयुक्त भएको र नमुना अभ्यासमा रहेका व्याकरण खण्ड कथाका पाठ अनुरूप नभएको निष्कर्ष निकालिएको छ ।

चापागाई (२०६२) ले 'कक्षा चारको नेपाली किताबमा समाविष्ट कथाका आधारमा पाठहरूको विश्लेषणात्मक अध्ययन' शीर्षक शोधपत्रमा कक्षा ४ को मेरो नेपाली किताबमा राखिएका कथाहरू विधा शिक्षणका दृष्टिले पाठ्यकमको उद्देश्य अनुरूप भए नभएको, कथाहरू विद्यार्थीहरूको उमेर वा स्तर अनुसार पत्ता लगाउनु यसको उद्देश्य रहेको छ । यस शोधपत्र लेखनका लागि अन्तर्वार्ता, प्रश्नावली, पुस्तकालय, विश्लेषणात्मक विधिको प्रयोग गरी कथाहरूको उद्देश्य पाठयकम अनुसार भएको, कथाहरू विद्यार्थीको स्तर, तह उमेर भन्दा केही जटिल रहेको निष्कर्ष निकालिएको छ ।

आचार्य (२०६३)द्वारा लिखित 'कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रम अनुरूपताको अध्ययन' नामक शोधपत्रमा कथा विधासँग सम्बद्ध रहेर कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको पाठ्यक्रमको उद्देश्यसँग तालमेल भए नभएको, पाठ्यक्रमका क्षेत्र र कमका आधारमा समीक्षा, पाठ्यक्रमका उद्देश्यका दृष्टिले कथाका पाठहरूमा राखिएको छ । यस शोधपत्रका लागि अवलोकन, अन्तर्वार्ता विश्लेषणात्मक, तुलनात्मक र पुस्तकालय विधिहरूको प्रयोग गरिएको छ । यस शोधपत्रको

उद्देश्य माथि व्याख्या विश्लेषण गर्ने क्रममा पाठ्यक्रमको उद्देश्य अनुरूप विधा र पाठहरू चयन नभएको, पाठ्यक्रमको लोक कथा, नीति कथा, पौराणिक कथा, ऐतिहासिक कथा र आधुनिक कथा समावेश गर्ने निर्देशन भए पनि ऐतिहासिक र आधुनिक कथा राखिएको छैन । पाठ्यक्रममा उद्देश्यका दृष्टिले कथाका पाठहरूमा दिइएका नमुना अभ्यास उपयुक्त नै भएको निष्कर्ष निकालिएको छ ।

खत्री (२०६३) ले 'कक्षा सातको पुरानो (२०३८) र नयाँ (२०५०) पाठ्यक्रम अनुसारका नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको तुलनात्मक अध्ययन' शीर्षक शोधपत्रमा नि.मा. तह कक्षा सातको पुरानो (२०३८) र नयाँ (२०५०) पाठ्यक्रम अनुसार नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरू पाठ्यक्रमको उद्देश्य र स्तर अनुरूप भए नभएको, पुरानो र नयाँ पाठयक्रममा आधारित भाषा पाठ्यपुस्तकमा भएका कथाहरूको वर्गीकरण, उद्देश्यको रूपमा राखिएको छ । यस शोधपपत्रमा प्रश्नावली तुलनात्मक विश्लेषणात्मक विधिको प्रयोग गरी पुरानो (२०३८) भन्दा (२०५०) मा पाठ्यक्रमको उद्देश्य र स्तर अनुरूपका कथाहरू समावेश गरिएको कथाहरूलाई व्यवस्थित गरिएको निष्कर्ष निकालिएको छ ।

निरौला (२०६८) द्वारा तयार पारिएको 'कक्षा छ र सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको तुलनात्मक अध्ययन' नामक शोधपत्रमा कथा विधामा केन्द्रित भएर कक्षा छ र सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको तुलना गर्नु, भाषा शिक्षणका दृष्टिले निर्धारित कथाको प्रयोजन पत्ता लगाउनु छनोट र स्तरणका आधारमा तुलना गर्नु, कथाको संरचना र भाषिक पक्षको विश्लेषण गर्नु जस्ता उद्देश्य राखिएको छ । यी उद्देश्य पूरा गर्नका लागि पुस्तकालयीय, तुलनात्मक प्रश्नावली विधिको प्रयोग गरिएको छ । यी उद्देश्यहरूको व्याख्या विश्लेषण गरी कक्षा छ र सातको हाम्रो नेपाली किताबमा राखिएका कथाहरू पाठ्यक्रम अनुरूप पूर्ण रूपमा चयन नगरिएको भाषा शिक्षणका दृष्टिले उपयुक्त भएको निष्कर्ष निकालिएको छ ।

यसरी माथि उल्लिखित पूर्व कार्यहरूलाई दृष्टिगत गर्दा यसभन्दा अगाडि कक्षा ५ को मेरो नेपाली किताबमा प्रयुक्त कथाहरूको विश्लेषणात्मक अध्ययन, कक्षा सातको नयाँ पाठ्यक्रम अनुसारका नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन, कक्षा आठको हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन, कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको

पाठ्यक्रम अनुरूपताको अध्ययन, कक्षा सातको पुरानो (२०३८) र नयाँ (२०५०) पाठ्यक्रम अनुसारका नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको तुलनात्मक अध्ययन समेत अध्ययन भइसकेको पाइएको र सम्पन्न भइसकेका अध्ययनहरू नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पाठ्यक्रम अनुरुप भए नभएको भनी विश्लेषणात्मक र तुलनात्मक अध्ययन गरी विभिन्न शोधकर्ताहरूले नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पाठ्यक्रमको उद्देश्य अनुरुप पूर्ण रूपमा भए नभएको, भाषा शिक्षणका दृष्टिले उपयुक्त, कथामा आवश्यक पर्ने उखान टुक्काको कम प्रयोग भएको, विद्यार्थीको रुचि क्षमता, उमेर भन्दा जटिल कथा, कथाका पाठसँग सम्बन्धित नमुना अभ्यासमा केही सुधार गर्नु पर्ने कुरालाई निष्कर्षका रूपमा लिन सकिन्छ । यी विविध विषयमा अध्ययन भएको पाइए पनि हालसम्म पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययनमा केन्द्रित भएर कुनै शोधकर्ताहरूले यस पक्षको अध्ययन नगरिएको हुनाले उक्त शीर्षकमा अध्ययन गर्नु आवश्यक ठानिएको छ ।

## २.२ पूर्वकार्य अध्ययनको तात्पर्य /अर्थ

यस अध्ययन पूर्व कथा सम्बन्धी विभिन्न विद्वान्हरू वा शोधकर्ताहरूले विश्लेषणात्मक अध्ययन पाठ्यक्रम अनुरूपाताका आधारमा अध्ययन तुलनात्मक अध्ययन जस्ता शीर्षकमा शोधकार्य सम्पन्न गरी सकेका छन् । यसभन्दा अगाडि निम्न माध्यमिक तहको कक्षा ६ र कक्षा ८ का कथा सम्बन्धी विश्लेषणात्मक अध्ययन, तुलनात्मक अध्ययन, पाठ्यक्रम अनुरूपताका आधारमा अध्ययन साथै कक्षा ७ का कथा सम्बन्धी विश्लेषणात्मक अध्ययन, तुलनात्मक अध्ययन आदि शीर्षकमा शोधकार्य सम्पन्न भइसकेको भए पनि हालसम्म पाठ्यक्रम अनुरूपताको दृष्टिले कक्षा ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन शीर्षकमा केन्द्रित भएर कुनै पनि शोधकर्ताले यस पक्षको अध्ययन नगरिएको हुनाले उक्त शीर्षकलाई समास्याको रूपमा लिएर यस शीर्षकमा अध्ययन विश्लेषण गर्नु आवश्यक ठानिएको छ ।

पूर्वकार्यको अध्ययनले आफूले गर्न खोजिएको अनुसन्धान वा शोधकार्यलाई व्यवस्थित बनाउन सहयोग पुऱ्याउँदछ । यस पाठ्यक्रम अनुरूपताको दृष्टिले कक्षा ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन शीर्षकले कक्षा ७ को कथा विधाको अध्ययन विश्लेषण गर्न, कक्षा ७ मा समाविष्ट कथाहरू पाठ्यक्रम अनुरूप भए नभएको

पत्ता लगाउन, पाठ्यपुस्तकमा समाविष्ट कथाहरू विद्यार्थीको स्तर, क्षमता, उमेर, रूचि अनरूप छनोट गर्न, पाठ्यपुस्तकमा समाविष्ट कथा विधा पाठ्क्रमको क्षेत्र र क्रम अनुरूप भए नभएको पहिचान गर्नु पुर्वकार्यको अध्ययनले पाठ्यपुस्तकमा समावेश गरीएका कथाहरू छनोट र स्तरणका आधारले उपयुक्त भए नभएको विश्लेषण गर्ने कार्यमा सहयोग पुऱ्याउँद छ ।

कक्षा ७ का पाठ्यपुस्तकमा समाविष्ट कथाहरू यस तहका विद्यार्थीहरूका लागि उपयोगीमूलक र प्रभावकारी भए नभएको पहिचान गर्न साथै भविष्यमा कक्षा ७ का कथा विधा सम्बन्धी गर्न सकिने अनुसन्धानका क्षेत्रहरू पत्ता लगाउन पूर्वकार्यको अध्ययनले सहयोग गर्दछ । यस अध्ययनले भावी दिनहरूमा कक्षा ७ का कथा सम्बन्धी गर्न सकिने अध्ययनका शीर्षकहरू छनोट गर्न पनि सहयोग पुऱ्याउने देखिन्छ ।

## २.३ सैद्धान्तिक अवधारणा

यस सैद्धान्तिक अवधारणामा आफूले गर्न खोजिएको अनुसन्धान कार्यको वा शोधपत्र लेखन कार्यको विस्तृत जानकारी प्रस्तुत गर्नु पर्दछ । यसमा आफूले लेख्न खोजिएको शोध शीर्षक माथि व्याख्या विश्लेषण गर्ने कार्य गरिन्छ ।

### २.३.१ पाठ्यक्रमको सैद्धान्तिक परिचय

वर्तमान समयसम्म आइ पुग्ने क्रममा विभिन्न पाठ्यक्रम विद्हरूले आ- आफ्नै तरिकाले पाठ्यक्रमको परिचय दिने काम गरेका छन् ।

कुनै पनि तह वा कक्षाको पाठ्यक्रम निर्माण गर्दा त्यस पाठ्यक्रमको उद्देश्य सर्वप्रथम निर्धारण गर्नु पर्दछ । शिक्षाको उद्देश्य निर्धारण भइसकेपछि त्यस उद्देश्य हाँसिल गर्न विभिन्न क्रियाकलाप गर्नु पर्दछ । शैक्षिक उद्देश्य प्राप्तिका निम्ति जुन जुन क्रियाकलापको अनुसरण गरिन्छ । त्यसलाई सुव्यवस्थित पार्ने माध्यम नै पाठ्यक्रम हो । पाठ्यक्रम अङ्ग्रेजी शब्द (Curriculaum)को रूपान्तरण हो । यस शब्दको उत्पत्ति ल्याटिन भाषाको 'Currere' बाट भएको हो । शाब्दिक अर्थमा पाठ्यक्रमलाई निर्धारित उद्देश्यसम्म पुगने धावन मार्ग भनिन्छ । विद्यार्थीहरूमा आवश्यकता अनुरूप व्यवहारिक परिवर्तनहरू ल्याउनका लागि सिकाइ अनुभव एकत्रित गर्ने शिक्षणबाट विद्यार्थीहरूमा आएका परिवर्तनहरूको अङ्कन लोखाजोखा तथा मूल्याङ्कन गर्न तयार पारिनृे योजना नै पाठ्यक्रम

हो । विद्यार्थीहरूको चौतर्फी विकास गर्न गरिने सम्पूर्ण क्रियाकलापहरू पाठ्यक्रममा समावेश गरिएको हुन्छ । पाठ्यक्रममा विद्यार्थीहरूले तह पूरा गरे पछि हासिल गर्नु पर्ने उद्देश्यहरू त्यसका निम्ति आवश्यक शैक्षिक सामग्री, शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन तत्वहरू समावेश गरिएको हुन्छ (शर्मा र पौड्ेल, २०६८) ।

बालकको सर्वाङगीण विकासका लागि आवश्यक पर्ने ज्ञान, सीप र अनुभवको विस्तृत योजना नै पाठ्यक्रम हो । पाठ्यक्रमले बालकको आवश्यकता रूचि राष्ट्रिय एवम सामाजिक आवश्यकताको आधारमा बालकको सर्वाङगीण विकासको लागि विद्यालय भित्र र बाहिर दिइने सम्पूर्ण अनुभव समेत समेट्छ । सम्पूर्ण शैक्षिक गतिविधिको मेरुदण्डको रूपमा पाठ्यक्रमलाई लिइन्छ (अधिकारी,२०६९) ।

यसरी पाठ्यक्रम भन्नाले शिक्षण सिकाइ प्रक्रियाको व्यापक दस्तावेज भन्ने बुझिन्छ । शिक्षण सिकाइ प्रक्रियालाई व्यवस्थित प्रभावकारी साथै निर्दिष्ट लक्ष्य सम्म पुऱ्याउने काम पाठ्यक्रमले गर्दछ । शिक्षणलाई उद्देश्यमूलक बनाउन पाठ्यक्रमले महत्वपूर्ण रुपमा मार्ग निर्देश गरको हुन्छ । पाठ्यक्रमको अभावमा शिक्षण असफल अव्यवस्थित अप्रभावकारी बन्न सक्छ । त्यसैले निश्चित लक्ष्य सम्म पुग्ने व्यवस्थित पाठ्यक्रमको विशेष महत्व रहेको पाइन्छ ।

## २.३.२ पाठ्यक्रमको परिभाषा

पाठ्यक्रमको परिभाषा दिने क्रममा विभिन्न विद्वानहरूले आ-आफ्नै तरिकाले परिभाषा दिने गरेको पाइन्छ । वर्तमान समयसम्म आई पुग्दा पाठ्यक्रम सम्बन्धी केही परिभाषाहरू तल उल्लेख गरिएको छ ।

रा.शि.प.यो (२०२८) का अनुसार पाठ्यक्रम शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रम हो (अधिकारी,२०६९ पृ. २०) ।

हिल्डा टावाका अनुसार विद्यालय भित्र र बाहिर विद्यार्थीमा ऐच्छिक उपलब्धिहरू प्राप्त गराउन विद्यालयद्वारा गरिने सम्पूर्ण प्रयासलाई पाठ्यक्रम भनिन्छ अथवा पाठ्यक्रम सिकाइको एक योजना हो (ऐ.) ।

युनेस्कोका अनुसार शिक्षाका उद्देश्यहरू प्राप्तिका लागि विद्यालय तथा शिक्षकद्वारा विद्यार्थीका लागि तयार गरिएको योजना र निर्देशनअनुसारको सम्पूर्ण अनुभावहरूलाई पाठ्यक्रम भनिन्छ (ऐ.) ।

शिक्षा शब्दकोषका अनुसार पाठ्यक्रम भन्नाले उद्देश्य, लक्ष्य, विषयवस्तु, प्रक्रिया, स्रोत र मूल्याङ्कनका साधनलाई बुझिन्छ (ऐ.) ।

फ्रोबेलका अनुसार पाठ्यक्रमलाई मानव जातिको सम्पूर्ण ज्ञान तथा अनुभवहरूको सारको रूपमा लिनु पर्दछ (ऐ.) ।

कनिङघमका अनुसार पाठ्यक्रम कलाकार (शिक्षक) को हातको एउटा औजार हो जसको माध्यमबाट उसले आफ्नो स्टुडियो (विद्यालय) भित्र पदार्थहरू (विद्यार्थी) लाई आफ्नो विचार (लक्ष्य) मा परिवर्तित गर्दछ (ऐ.) ।

अधिकारीका अनुसार मानव जीवनका लागि आई पर्ने विभिन्न समस्याहरू समाधान गर्नका लागि चाहिने ज्ञान सीप र क्षमता आर्जनका लागि एउटा मार्ग निर्देशन नै पाठ्यक्रम हो । वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवन दर्शन समाकालिन समाजका वास्तविकताहरू सिकाइ प्रक्रिया एवम् विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई समेत विचार गरी बालकका सिकाइ सम्बन्धी आवश्यकताको निधन गरेर विस्तृत योजना प्रस्तुत गर्नु नै पाठ्यक्रम हो (ऐ.) ।

यसरी माथिका परिभाषाहरूलाई अध्ययन गर्दा शिक्षकका लक्ष्य उद्देश्य प्राप्तिका लागि विषयवस्तुहरूको सङ्गठन गर्नु विद्यालयको हाता भित्र रहेर प्राप्त गरिने सिकाइ अनुभवको व्याख्या विश्लेषण गर्नु विद्यालय भित्र र वाहिर बालबालिकाको लागि गरिने सम्पूर्ण क्रियाकलापलाई पाठ्यक्रम भनिन्छ । पाठ्यक्रमले विद्यार्थीको लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

## २.३.२ पाठ्यकमका अङ्गहरू

कुनै पनि विषयको पाठ्यकमलाई पूर्ण रूपमा सफल पार्न विभिन्न तत्व वा अङ्गहरूलाई श्रृङ्खलावद्ध रूपमा राखेर व्याख्या विश्लेषण गर्नु पर्दछ । पाठ्यकमका तत्वहरूको छनोट गर्दा समाकालिन समाज, अध्ययन गर्ने विद्यार्थीहरूको उमेर, स्तर, तह, रूचि आदि कुरालाई ध्यान दिन आवश्यक ठानिन्छ । पाठ्यकमका तत्वहरूलाई निम्न अनुसार तल प्रस्तुत गरीएको छ :

### १) उद्देश्य

शैक्षणिक क्रियाकलापको अन्त्यमा आशा गरिने प्रतिफलाई उद्देश्य भनिन्छ । उद्देश्य साधारण र विशिष्ट गरी दुई प्रकारको हुन्छ । साधारण उद्देश्यहरू ज्ञान सीप प्राप्त गर्ने

प्रकृतिको हुन्छ भने विशिष्ट उद्देश्य मापन अवलोकन गर्न सकिने साथै स्पष्ट रूपमा किटान गरीएको हुन्छ (अधिकारी २०६९, पृ.२१) ।

पाठ्यकमलाई सफल पार्न उद्देश्यले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । उद्देश्यको छनोट गर्दा अध्ययन गर्ने तहका विद्यार्थीहरूको उमेर, तह, ज्ञान, सीप र मनोक्रियात्मक पक्षलाई विशेष ध्यान दिनुपर्दछ । उद्देश्यहरू मापन गर्न सकिने, परीक्षण गर्न सकिने विश्वसनीय र विद्यार्थीको व्यवहारमा परिवर्तन गर्न सक्ने किसीमको हुनुपर्दछ ।

यसरी उद्देश्यको निर्माण गर्दा विद्यार्थीको रूचि, क्षमता, आवश्यकता, पारिवारीक पृष्ठभूमि, ज्ञान, सीप र अभिवृद्धि सवै पक्षको अध्ययन गर्न आवश्यक ठानिन्छ ।

## २) विषयवस्तु

पाठ्यकमका अर्को महत्वपूर्ण तत्व विषयवस्तु हो । पाठ्यकम सफल हुनका लागि विषयवस्तुको पनि आवश्यकता पर्दछ । कुनै पनि तहमा शिक्षा दिनका लागि तह अनुसार विद्याथीको उमेर, रूचि, क्षमताका साथै देश र समाजको आवश्यकता अनुसार शिक्षाका राष्ट्रिय उद्देश्य तयः गरिएका हुन्छन् । पठ्यकमले निर्धारण गरिएको उद्देश्यलाई परिपूर्ति गर्ने माध्यम विषयवस्तु हो (अधिकारी २०६९, पृ. २१) ।

पाठ्यकमले निर्धारण गरिएको जुनसुकै तहको उद्देश्यलाई सफल पार्न अनिवार्य रूपमा विषयवस्तुको आवश्यता पर्दछ । उद्देश्यलाई परिपूर्ति गर्ने खालका विषयवस्तु छनोट नगरिए पाठ्यकम सफल, प्रभावकारी बन्न सक्दैन । विषयवस्तुको छनोट गर्दा सरलबाट जटिल, पूर्णबाट अंशतर्फ साथै तल्लो कक्षादेखि माथिल्लो कक्षासम्म स्तर अनुरूप जटिल विषयवस्तुको छनोट गर्दै लैजानु पर्दछ ।

## ३) शिक्षण प्रक्रिया

पाठ्यकमका तत्वभित्र शिक्षण सिकाइ क्रियाकलाप पनि पर्दछ । शिक्षण सिकाइ क्रियाकलापले पाठ्यकमलाई सफल बनाउन सहयोग गर्दछ । पाठ्यकमले निर्दिष्ट गरेको उद्देश्य अनुसार विषयवस्तु छनोट गरी सके पश्चात त्यस किटान गरिएको उद्देश्यलाई परिपूर्ति गर्ने तरिकाले शिक्षण सिकाइ क्रियाकलाप गर्नु पर्दछ । शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी रूपमा गर्न सकिएन भने पाठ्यकम उपयुक्त हुन सक्दैन । त्यस कारण पाठ्यकमका अङ्ग भित्र शिक्षण सिकाइ क्रियाकलापलाई अनिवार्य रूपमा लिएको पाइन्छ ।

### ४) मूल्याङ्कन

पाठ्यक्रमले अपेक्षा गरेको उद्देश्य के-कति प्राप्त भए भन्ने बारेमा थाहा पाउने आधार नै मूल्याङ्कन हो । पाठ्यक्रमको उद्देश्य प्राप्तिको अवस्था पत्ता लगाई सुधारात्मक शिक्षण गर्न, शिक्षणमा आवश्यकता अनुसार परिमार्जन गर्न र आवश्यक निर्णय लिन मूल्याङ्कनको आवश्यकता पर्दछ (अधिकारी २०६९, पृ.२२) ।

पाठ्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक पर्ने तत्वमध्ये मूल्याङ्कन पनि महत्वपूर्ण तत्व हो । मूल्याङ्कनले पाठ्यक्रमले निर्दिष्ट गरेको उद्देश्य, विषयवस्तु, शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी रूपमा भए नभएको मूल्याङ्नले परीक्षण गर्न सहयोग पुऱ्याउदछ । मूल्याङ्कन उपयुक्त तरिकाले गरिएन भने पाठ्यक्रम प्रभावकारी हुन सक्दैन ।

यसरी पाठ्यक्रमलाई सफल वा प्रभावकारी बनाउन पाठ्यक्रमका सवै तत्वहरूलाई सही तरिकाले छनोट गरेर पाठ्यक्रममा समावेश गर्नु पर्दछ ।

## २.३.३ नेपाली विषय पाठ्यक्रमको परिचय

संरचनागत रूपमा भन्नु पर्दा पाठ्यक्रम भन्नाले उद्देश्य, लक्ष्य, विषयवस्तु, प्रक्रिया मूल्याङ्कनका साधानलाई बुझिन्छ । भाषा मानवीय सम्प्रेषणको आधार र माध्यम हो । विचार विनिमयको वाहक हो र मानवजगतका समग्र ज्ञान विज्ञान दर्शन कला सीप र कौशलहरूको सरक्षक एवम् सम्वर्द्धन स्रोत हो । भाषा सिकाइ एक निरन्तर प्रक्रिया हो । यसको सिकाइ स्रोत पनि अत्यन्त व्यापक रहेको हुन्छ तर सबै स्रोतबाट सिकेको भाषा उपयुक्त र विशुद्ध हुन सक्छ भन्न सकिदैन । नेपाली भाषा सिकाइमा सम्बन्धित भाषाको मानकरूप र शिष्टरुपको सिकाइ हुन सकोस साथै सम्बन्धित भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता आधारभूत सीप तथा कलामा निपुणता प्राप्त होस भन्ने अपेक्षा  गरिन्छ । सम्बन्धित भाषा सिकेर आफ्नो जीवनका विविध आवश्यकता तथा राष्ट्रिय आवश्यकताहरूको पनि परिपूर्ति गर्न सक्ने भाषिक सामर्थ्य हासिल हुन सकोस् भन्ने ध्येयले भाषा शिक्षणमा राखिएको हुन्छ मानवीय प्रतिभा र सृजनशील सीप कौशलको अभिवृद्धि गरी व्यक्तित्व विकास र सभ्यता विकासमा टेवा पुग्न सकोस भन्ने र आफ्ना जैविक सामाजिक आवश्यकताहरूको पनि प्रभावकारी निदान हुन सकोस भन्ने अभिप्रायले भाषा सिकाइसँग गासिएको हुन्छ । अत यिनै अभिप्रयागत उद्देश्यले विद्यालय वा शैक्षिक संस्थाहरूले

भाषाशिक्षण सम्बन्धी व्यवस्थित एवम नियजित कार्यक्रमलाई नै भाषा पाठ्यक्रम भनिन्छ ( अधिकारी,२०६९) ।

यसरी नेपाली भाषा विषयको पाठ्यक्रमले भाषाका आधारभूत चार सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइमा दक्षता प्राप्त गर्नु विद्यार्थी तथा समाजको आवश्यकता र पहिचान विद्यालयको अवस्था र समय परिवर्तनका गति आदिलाई ख्याल गरी भाषा शिक्षाण सम्बन्धी बनाइएको योजनाबद्ध कार्यक्रमलाई नेपाली विषय पाठ्यक्रम भनिन्छ । नेपाली भाषालाई मानकरूप प्रदान गर्न वा प्रचलित भाषाका रूपमा स्थापित गर्न नेपाली भाषा पाठ्यक्रमले महत्वपूर्ण भूमिका खेल्दछ । नेपाली भाषा पाठ्यक्रम सम्बन्धी परिभाषाहरू :-

फ्रोविलका अनुसार भाषा पाठ्यक्रम भनेको मानव जातिको सम्पूर्ण भाषिक ज्ञान र अनुभवहरूको सार हो (अधिकारी,२०६९ पृ.३०) ।

रा.शि.प.यो २०२८ का अनुसार भाषा शिक्षणको लक्ष्य हासिल गर्न बनाइएको कार्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ (ऐ.) ।

सेलरका अनुसार विद्यालय भित्र वा बाहिरको परिवेशमा भाषा शिक्षण अपेक्षित उद्देश्य प्राप्त गर्न सकिने यावत प्रयासलाई भाषा पाठ्यक्रम भनिन्छ (ऐ.) ।

समग्रमा भाषा शिक्षण सुनिश्चित क्रियाकलाप र प्रक्रियाहरू अगालेर विद्यार्थीहरूमा भाषा शिक्षणका अपेक्षत उद्देश्यहरू  हासिल गराउन भाषा सिकाइका अनुभवहरूको दिग दर्शन प्रस्तुत गरिन्छ । त्यसलाई नै नेपाली भाषा पाठ्यक्रम भनिन्छ (शर्मा र पौड्ेल,२०६०)।

यसरी भाषा मानवीय विचार आदानप्रादान गर्ने माध्यम भएकाले यसलाई व्यवस्थित बनाउनु पर्दछ । भाषालाई प्रभावकारी बनाउन पाठ्यक्रमको आवश्यकता पर्दछ । मानवीय प्रतिभा र सृर्जनशील सीप अभिवृद्धि गरी व्यक्तित्व विकास गर्न शिक्षण सिकाइलाई लक्षित विन्दुमा पुऱ्याउन कुनै खास स्तरमा दिइने शब्द ज्ञान, व्याकरण ज्ञान, बोध अभिव्यक्ति, मौखिक एवम् लिखित रचना कौशल जस्ता क्रियाकलापलाई प्रभावकारी बनाउन तयार पारिएको व्यवस्थित रूपलाई पाठ्यक्रम भनिन्छ ।

## २.३.४ नेपाली भाषा पाठ्यक्रमको उद्देश्य

विना उद्देश्य कुनै पनि कार्य सफल र प्रभावकारी नहुने हुनाले जुनसुकै कार्य गर्न पनि सर्वप्रथम निश्चित उद्देश्यको आवश्यकता पर्दछ । कार्य गर्ने क्रममा जुन प्रयोजनका लागि गरिन्छ त्यही नै उद्देश्य हो । पाठ्यक्रमले दुई प्रकारका उद्देश्यहरू परिलक्षित गरेको

हुन्छ । कुनै पनि तह पूरा गरेपछि प्राप्त हाँसिल गर्ने उद्देश्यलाई तहगत उद्देश्य र कुनै कक्षा पार गरेपछि प्राप्त गर्ने उद्देश्यलाई कक्षागत उद्देश्य भनिन्छ । पाठ्यक्रम निर्माण गर्दा सर्वप्रथम उद्देश्यको निर्धारण गर्नु पर्दछ ।

पाठ्यक्रममा समावेश भएका उद्देश्यहरू जतिसुकै राम्रो र प्रभावकारी भए पनि विषयको छनोट र स्तरणमा ध्यान दिन सकिएन भने पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू सफल हुन सक्दैनन् । पाठ्यक्रमका उद्देश्य पूरा गर्न समय समयमा पाठ्यक्रमले दिइएका निर्देशन अनुसार भए नभएको अनुगमन तथा मूल्याङ्कन पनि भइरहनु पर्दछ ।

यसरी समयको परिवर्तनसँगै पाठ्यक्रमको परिवर्तन र परिमार्जन कार्यलाई पनि निरन्तरता दिनु पर्दछ । अनि मात्र पाठ्यक्रमको उद्देश्य सफल हुन सक्दछन् । नेपाली भाषापाठ्यक्रम बमोजिम निम्नमाध्यमिक तहमा समावेश उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

## २. ३.४.१ तहगत उद्देश्यहरू

निम्नमाध्यमिक पाठ्यक्रम २०५८ मा तहगत उद्देश्यहरू निम्नानुसार २५ वटा रहेका छन् ।

१. उच्चारित ध्वनिहरूको भिन्नता पहिल्याउन र सोही अनुरूप उच्चारण गर्न,

२. अरुद्वारा अभिव्यक्त विचार बुझ्ने गरी सुन्न,

३. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,

४. सुनेका विषयवस्तका मुख्य मुख्य कुरा बताउन,

५. आफूले देखेका सुनेका र अनुभव गरेका विषय वस्तुमा मौखिक अभिव्यक्ति दिन,

६. कुराकानी सवांद, वादविवाद, प्रश्नोत्तर छलफल आदि मौखिक अभिव्यक्तिहरूमा भाग लिन,

७. आफूले भन्न चाहेका कुरालाई हाउभाउपूर्ण एवम् प्रभावकारी ढङगले अभिव्यक्ति दिन,

८. लिखित सामग्रीहरूलाई भावअनुसार गति यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न,

९. विभिन्न प्रयोजनका लागि लिखित सामग्रीहरू मौनवाचन गर्न,

१०. विभिन्न उद्देश्यले लिखित सामग्रीहरू पढ्न,

११. पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न ,

१२. पढेका विषयवस्तुको सारांश भन्न र लेख्न,

१३. आफूले देखेका सुनेका र अभुनव गरेका विषयवस्तुमा लिखित अभिव्यक्ति दिन,

१४. उपयुक्त वाक्यगठन, हिज्जे, विरामचिन्ह आदि मिलाई शुद्धसाँग लेख्न,

१५. स्तर अनुसारका विषयहरूमा सन्दर्भ र सिलसिला मिलाई मौखिक रचना गर्न,

१६. पठित शब्दहरूलाई हिज्जे मिलाई लेख्ने,

१७. पाठमा प्रयुक्त उखानटुक्काहरूको प्रयोग गर्न,

१८. विशिष्ट अंशहरूको भावविस्तर गर्न,

१९. स-साना मौलिक रचनाहरू सन्दर्भ र सिलसिला मिलाई लेख्न,

२०. विभिन्न विषयहरू पढी शब्दभण्डारको वृद्धि गर्न,

२१. व्याकरणका आधारभूत तत्व बुझी तिनको उपयुक्त प्रयोग गर्न,

२२. नेपाली भाषामा लेखिएका विभिन्न विधाका समसामयिक पाठ्यसामग्रीहरू पढ्ने अभिरुचिको विकास गर्न,

२३. उद्देश्य अनुसारका विभिन्न पठन कौशलहरूको विकास गर्न,

२४. शिष्ट र शुद्ध भाषाको प्रयोग गर्ने बानी बसाल्न

२५. साहित्यिक रचनाहरू पढ्ने अभिरुचि बढाउन ।

यसरी माथि उल्लिखित उद्देश्यहरूमा बुदा नं. १ र ५ बोलाइ र सुनाइ सीपसँग सम्बन्धित छन् भने बुदा नं. २ सुनाइसँग मात्र सम्बन्धित छ । त्यसैगरी बुदा नं. ३ देखि ७ सम्म बोलाइ सीपसँग सम्बन्धित छन् । अन्य बुदाहरूमा बुदा नं. ८,१०,२०,२२,२३ र २५ पढाइ सीपसँग सम्बन्धित छन् । बुदा नं. १२ र २४ बोलाइ र लेखाइसँग सम्बन्धित छन् र अन्य बुदाहरू ९,११,१३,१४,१६,१७,१८,१९, २१ लेखाइसँग सम्बन्धित छन् । उपर्युक्त उद्देश्यहरूमा लेखाइ सीपमा बढी महत्व दिएको पाइन्छ । अङ्कभार विभाजनमा सुनाइ र बोलाइ १५ पढाइलाई १५ र लेखाइ सीपलाई ३० अङ्कभार छुट्याएको छ तथापि लेखाइ सीपलाई बढी अङ्कभार दिए पनि अन्य भाषिक सीपहरूलाई पनि उपेक्षा भने गरेको पाइदैन । कथासँग सम्बन्धित उद्देश्यहरू निम्नानुसार छन् :

१. आफूले देखेका पढेका र अनुभव गरेका वस्तु वातावरण तथा घटनाको विषयमा सिलसिला मिलाई भन्न तथा लिखित अभिव्यक्ति दिन ।

२. सुनेका पढेका विषयवस्तुका मुख्य कुराहरूको सार भन्न र लेख्न ।

३. आफूले भन्न चाहेका कुराहरूलाई हाउभाउपूर्ण एवं प्रभावकारी ढङ्गले अभिव्यक्ति दिन ।

४. पाठमा समाविष्ट उखान टुक्काहरूको प्रयोग गर्न ।

५. विशिष्ट अंशहरूको भाव विस्तार गर्न ।

६. सुनेका कथाहरू भन्न र लेख्न लागाई बोलाइ र लेखाइ सीपको विकास गर्न ।

७. बोध क्षमता र सिर्जनात्मक क्षमताको वृद्धि गर्न ।

८. शब्द भण्डारको विकास र उखान टुक्काको ज्ञान गराउन (अधिकारी,२०६९)।

### २.३.४.२ कक्षागत उद्देश्यहरू

नि.मा.वि. तहमा विद्यार्थीहरूमा अनुशासनको विकास र चरित्र निर्माण गराउने लक्ष्य राखिएको छ । त्यसै क्रममा निम्न माध्यमिक पाठ्यक्रम २०५८ ले निम्न माध्यमिक स्तरका लागि कक्षगत उद्देश्यहरू तहगत (साधारण) उद्देश्य अनुरूप नै तयार गरेको छ । कक्षा सातका उद्देश्यहरूलाई विभिन्न भाषिक सीपको आधारमा अलग अलग उल्लेख गरेको पाइन्छ । कक्षा सातका कक्षागत उद्देश्यहरू निम्नानुसार रहेका छन् :

**१. सुनाइ र बोलाइ**

- ध्वनिहरूको भिन्नता पहिल्याई उच्चारण गर्न,
- शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,
- अरूले वर्णन गरेका कुराहरू बुझी आफ्ना शब्दमा व्यक्त गर्न,
- आफूले देखेसुनेका र पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिल मिलाई मौखिक वर्णन गर्न,
- सामान्य मौखिक वर्णनहरू सुनी मुख्यमुख्य कुरा बताउन,
- साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी सुनेर प्रतिक्रिया जनाउन ।
- मौखिक अभिव्यक्तिहरू सुन्ने क्रममा प्रयुक्त हाउभाउ चेष्टा अभिनयमा ध्यान दिन,
- स्तर अनुसारका कुराकानी, प्रश्नोत्तर, सवाद, वादविवाद छलफल आदि मौखिक अभिव्यक्तिहरू ध्यानपूर्वक सुनी तिनमा भाग लिन,

**२. पढाइ**

- लिखित सामग्रीलाई गति यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न,
- विभिन्न पाठहरू पढी तिनका मुख्य मुख्य कुराहरु बताउन,

- कविता कथाका पाठहरूलाई भाव अनुसार लय, सुर आघात मिलाइ पढ्न,
- लिखित सामग्रीहरूको मौनवाचन गर्न,
- विभिन्न प्रयोजनका लागि कथा कविता प्रबन्ध आदिका पाठहरू पढ्न,
- पठित शब्दहरूको उपयुक्त प्रयोग गर्न
- पाठमा प्रयुक्त उखानटुक्काको अर्थ बुझी वाक्यमा प्रयोग गर्न,
- विभिन्न विधाका पाठहरूबाट शब्दभण्डारको बृद्धि गर्न,

**३. लेखाइ**

- हिज्जे र वाक्य गठन मिलाई सफा र शुद्धसँग लेख्न,
- लेख्य चिन्हहरूको उपयुक्त प्रयोग गरी लेख्न
- सफा र स्पष्टसँग लेख्न र लेखेका कुरालाई दोहोर्‍याई सच्याउन,
- शब्द वाक्य र पाठका अंशहरू सुनेर लेख्न,
- आफूले देखेका सुनेका र पढेका वस्तु वातावरण तथा घटनाको विषयमा लिखित वर्णन गर्न,
- स-साना लिखित रचनाहरू (अनुच्छेद, चिठी, निवेदन, प्रबन्ध) सिलसिला मिलाई लेख्न,
- विशिष्ट अंशहरूको भावविस्तार गर्न,
- आफ्नो रुचिअनुसारका विषयमा मौलिक रचना गर्न,
- व्याकरणका आधारभूत तत्व बुझी तिनको उपयुक्त प्रयोग गर्न ।

यसरी समग्रमा हेर्दा पाठ्यक्रमले भाषागत चार सीप (सुनाइ,बोलाइ,पढाइ र लेखाइ) लाई सन्तुलन मिलाउन खोजेको पाइन्छ । लेखाइ सीपलाई बढी प्रोत्साहित दिएको पाइन्छ । सीप विकासको क्रमिकतालाई व्यवस्था गरी पहिला बोलाइ, पढाइ र अन्त्यमा लेखाइ सीपमा जोड दिएको देखिन्छ (निम्नमाध्यमिक तहको पाठ्यक्रम,२०५८ ) ।

# अध्याय : तीन
# अध्ययनको विधि तथा प्रक्रिया

यस अध्ययनका लागि अनुसन्धान ढाँचा, जनसङ्ख्या, नमुनाको आकार, नमुना छनोट विधि, नमुना छनोट विधिको आकार, अनुसन्धानका साधन, तथ्याङ्कको सङकलन जस्ता विविध अध्ययनका विधि प्रयोग गरिएको छ ।

## ३.१ अध्ययनको ढाँचा

प्रस्तुत शोध पाठ्यक्रम अनुरूपताको दृष्टिले कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको पक्षहरूको टिपोट उठाइ वर्णनात्मक पद्धतिमा आधारित भै तथ्यहरूलाई व्यक्त गरिएको छ । शोध कर्ताले अध्ययनको क्रममा देखिएका अवस्था, प्रक्रिया समस्याको व्याख्या विश्लेषण गर्नलाई वर्णनात्मक ढाँचामा रहेर शोधलाई सम्पन्न गरिएको छ ।

## ३.२ नमुना छनोट प्रक्रिया

अनुसन्धान कार्यमा नमुना छनोटको विशेष महत्व रहेको हुन्छ । सबै अनुसन्धान कार्यमा एकै किसिमको नमुना छनोट प्रक्रियालाई अपनाउन सकिदैन । अनुसन्धान कर्ताले शीर्षक अनुरुप नमुना छनोट प्रक्रियालाई अपनाउन सकिन्छ । अनुसन्धान कार्यको लागि नमुना छनोट प्रक्रियालाई ख्याल नगर्दा अनुसन्धान कार्य सफल र व्यावहारिक हुदैन । त्यसकारण शीर्षक अनुसार नमुना छनोट प्रक्रियालाई अपनाउनु पर्दछ । यस पाठ्यक्रम अनुरूपताको दृष्टिले कक्षा ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन शीर्षक शोधकार्यको लागि कक्षा ७ को नेपाली पाठ्यकम र नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथा विधा अन्तर्गतका ६ वटा कथाहरूको अध्ययन विश्लेषणबाट शोधकार्यलाई निष्कर्षमा पुऱ्याइएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलन सामग्रीहरू

जुनसुकै कार्यलाई पूर्णता प्रदान गर्न वा शोधकार्यलाई सफल र प्रभावकारी बनाउन विभिन्न सामग्रीहरूको आवश्यकता परेको देखिन्छ। यस पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन शीर्षक शोधकार्यको लागि आवश्यक तथ्याङ्क सङ्कलनका सामग्रीहरू निम्नानुसार रहेका छन् :

१) कक्षा ७ को नेपाली पाठ्यक्रम,

२) कक्षा ७ को नेपाली पाठ्यपुस्तक,

३) कथा सम्बन्धी गरिएका शोधपत्रहरू,

४) कथा सम्बन्धी लेखिएका विभिन्न पुस्तकहरू

५) कथा सम्बन्धी प्रश्नावलीहरू

६) विभिन्न विद्यालयका नेपाली विषयका शिक्षकहरू

## ३.५. तथ्याङ्क सङ्कलन प्रक्रिया

यस शोधकार्यको सामग्री सङ्कलनका लागि पुस्ताकालयीय विधि प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ। यस शोध शीर्षकका लागि कक्षा ७ को नेपाली पाठ्यकम र नेपाली पाठ्यपुस्तकको छनोट गरिएको छ।

यस शोधकार्यलाई पूर्णता प्रदान गर्न तथ्याङ्क सङ्कलन गर्ने क्रममा पुस्तकालयीय विधिलाई अपनाइएको छ। शोधकर्ताले आफ्नो शीर्षक सम्बन्धी विभिन्न पुस्तकहरू र शोध प्रतिवेदनलाई पुस्तकालयमा अध्ययन गरी शोध शीर्षकलाई निष्कर्षमा पुऱ्याइएको छ। यस शोधकार्यका लागि कक्षा ७ को नेपाली पाठ्यकम र पाठ्युस्तकमा समावेश गरिएका कथाहरूको अध्ययन विश्लेषण गरी सामग्री सङ्कलन गरिएको छ।

## ३.५. तथ्याङकको व्याख्या र विश्लेषण

कुनै पनि विषय माथि अनुसन्धान कार्य गर्नका लागि तथ्याङ्क सामग्रीहरूको सङकलन गर्नु पर्दछ। सामग्रीहरूको सङ्कलन पश्चात् तथ्याङ्कको व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिन्छ। सामग्रीको व्याख्या विश्लेषण गर्दा विभिन्न विधिहरू अपनाउन सकिन्छ। पाठ्क्रम अनुरूपताको दृष्टिले कक्षा ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट

कथा विधाको अध्ययन शीर्षक शोधकार्यका तथ्याङ्क व्याख्या विश्लेषणका लागि निम्नानुसारका विधिहरू उपयोग गरिएको छ ।

## क) वर्णनात्मक विधि

कुनै पनि विषयको अनुसन्धान गर्न वा शोधकार्यका लागि वर्णनात्मक विधि प्रचलित विधि हो । यस शोधका लागि सङ्कलन गरिएको तथ्याङ्क सामग्रीको व्याख्या विश्लेषण गर्न यस विधिको प्रयोग गरिएको छ । यस विधि मार्फत कक्षा ७ को नेपाली किताबमा समाविष्ट कथा विधा पाठ्यक्रम अनुरूप भए नभएको पहिचान गर्न नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका ६ वटा कथाहरूलाई अध्ययन विश्लेषण गरी कथा विधामा भएको कमी कमजोरी औल्याँइ कक्षा ७ मा समावेश गरिने कथाहरू पाठ्यक्रम अनुरूप समावेश गर्न खोजिएको छ।

यसरी कक्षा ७ को पाठ्यक्रम र नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययन गरी यस विधि मार्फत तथ्याङ्कको व्याख्या विश्लेषण गर्दै शोधकार्यलाई निष्कर्षमा पुऱ्याइएको छ ।

## ख) तुलनात्मक विधि

यस शोधका लागि तुलनात्मक विधि प्रयोग गरी सङ्कलन गरिएको सामग्रीको व्याख्या विश्लेषण गरिएको छ । यस शोधकार्यका लागि कक्षा ७ को नेपाली पाठ्यपुस्तक र नेपाली पाठ्यक्रम बीच तुलना गरिएको छ साथै कक्षा ७ को नेपाली किताबमा समाविष्ट कथाहरूको व्यापक रूपमा अध्ययन विश्लेषण गरी साथै पाठ्यक्रमले तोकेअनुरूपको कथाहरू पाठ्यपुस्ताकमा समावेश भए नभएको, छनोट र स्तरणका आधारले समाविष्ट भए नभएको, पाठ्यक्रमको क्षेत्र र क्रमअनुरूप पाठ्यपुस्तकमा कथा भए नभएको आदि कुराहरू अध्ययन गर्नु कक्षा सातको पाठ्यक्रम पाठ्यपुस्तक बीच तुलनात्मक रूपमा अध्ययन गरी तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ ।

## ग) सर्वेक्षण विधि

शोधकार्य गर्ने क्रममा अनुसन्धान कर्ता वा शोधकर्ताले छनोट गरिएको स्थलमा गएर प्रत्यक्ष रूपमा तथ्य सङ्कलन तथा अध्ययन गर्ने विधिलाई सर्वेक्षण विधि भनिन्छ । यस विधिमा शोधकर्ता प्रत्यक्ष रूपमा आफै कार्य स्थलमा गएर कार्य गर्नु पर्दछ । यस शोध लागि

सङ्कलन गरिएका तथ्याङ्क सामग्रीको व्याख्या विश्लेषण गर्न यस विधिको प्रयोग गरिएको छ । यस विधि मार्फत तथ्याङ्क व्याख्या विश्लेषण गर्दा प्रश्नावली अन्तार्वार्ता आदि उपकरणको प्रयोग गरिएको छ । यस शोधकार्यको लागि कक्षा ७ का नेपाली किताबमा समाविष्ट कथा विधा पाठ्यक्रमअनुरूप भए नभएको पत्ता लगाउन कक्षा ७ मा समावेश गरिएका ६ वटा कथाहरूको अध्ययन प्रत्यक्ष रूपमा अनुसन्धानकर्ता आफूले अध्ययन विश्लेषण गरी साथै सङ्कलन गरिएको सम्पूर्ण सामग्रीलाई अध्ययन व्याख्या विश्लेषण गरी शोधकार्यलाई निष्कर्षमा पुऱ्याइएको  छ ।

यसरी तथ्याङ्कको व्याख्या विश्लेषणका लागि वर्णनात्मक विधि, तुलनात्मक विधि र सर्वेक्षण विधिको प्रयोग गरी शोधकार्यलाई अन्तिम रूप दिइएको छ ।

# अध्याय : चार
# व्याख्या र विश्लेषण

## ४.१ अध्ययनको विश्लेषण

कुनै पनि विषय वा शीर्षक माथि अनुसन्धान कर्ता वा शोधकर्ताले कसरी अध्ययन गरी निष्कर्ष निकालिएको छ भन्ने कुरालाई अध्ययन विश्लेषण भनिन्छ । यस शोधकार्यका लागि निम्नानुसारको अध्ययन विश्लेषण गरिएको छ ।

## ४.१.१ पाठ्यक्रम अनुरूपताको आधारमा कथाहरूको अध्ययन

कक्षा ७ को हाम्रो नेपाली किताबमा जम्मा ६ वटा कथाहरू समावेश गरिएका छन् । पाठ्य कथाहरूको सिर्जना पाठ्यक्रमको दृष्टिले गरेको पाइन्छ । नि.मा.वि. तहमा लोक कथा, नीति कथा, पौराणिक/ऐतिहासिक कथा र आधुनिक कथा पाठ्यक्रमले तोकेको भए पनि कक्षा ६ मा लोक कथा, नीति कथा, पौराणिक / ऐतिहासिक कथा मात्र समावेश गरिएका छन् । कक्षा ७ मा पाठ्यक्रमले निर्दिष्ट गरे अनुसारको लोक कथा नीति कथा, पौराणिक / ऐतिहासिक कथा र आधुनिक कथा गरी जम्मा छ वटा कथा समावेश भएको पाइन्छ ।

कक्षा ७ मा समावेश गरिएका कथाहरूलाई निम्न प्रयोजनका आधारमा विश्लेषण गरिएको छ :

## ४.१.१.१ पौराणिक कथा

आचार्य (२०६३) का अनुसार वेद, पुराण, महाभारत, रामायण आदिमा उल्लेख भएका धार्मिक विषयवस्तुमा आधारित प्राचीन परम्पराको गौरब बढाउने खालका आधुनिक तथा वर्तमान युग चेतनालाई प्रतिविम्वित गर्ने खालका कथालाई पौराणिक कथामा समावेश गरिएको छ । यस्ता कथाहरू स्वदेशी र विदेशी दुवै स्रोतमा आधारित हुनु पर्ने कुरा पाठ्यक्रममा उल्लेख गरेको पाइन्छ । कक्षा ७ को नेपाली किताबमा पौराणिक कथाको रुपमा वाल्मीकि र कदर्य नामक कथालाई समावेश गरिएको पाइन्छ । वाल्मीकि कथामा रामायणका रचायिता वाल्मीकिले कुकार्यको वर्णन गरिएको छ । नारदको उचित उपदेश र सल्लाहले

कुख्यात डाकाका रूपमा चिनिने रत्नाकार बालमिक बनेको रोचक कथा बस्तु कथामा रहेको छ । यस कथाको अध्ययन गर्दा पौराणिक कथामा हुनु पर्ने गुण देखिन्छ । यस्तै अर्को कदर्य शीर्षक कथा रहेको छ । यस कथामा कदर्यको आफ्नो कञ्जुस्याई अनि पैसाको लोभले घरपरिवार र समाजबाट अलगिएर एक्लो अवस्थामा जीवन विताउनु परेको दुःख पूर्ण घटनाको वर्णन साथै जटाधारी साधुले आफुसँग भएको भन्दा सयैं गुणा धन बढाउने लोभ देखाई चुणमिश्रित दुध दिएर उसलाई पागल बनाएको आफू पागल भै सकेपछि आफूसँग भएको धन सम्पत्ति हराएको धेरै सम्पत्ति कमाउने आशामा भिक्षा मागी जीवन विताउनु परेको रोचक विषयवस्तु कथामा हुनाले यो कथा पैराणिक कथा अन्तर्गत पर्दछ । यस कथाले कदर्यको फल अन्तमा नमिठो हुने सन्देश दिएको पाइन्छ ।

### ४.१.१.२ लोक कथा

लोकमा चल्दै आएको लिखित स्रोत नभेटिएका कथालाई लोक कथा भनिन्छ । गाउँ घरमा प्रचलित आधारित परम्परागत लिखित वा अलिखित रुपले चल्दै आएका रोचक ज्ञानवर्द्धक कथाहरू यस अन्तर्गत राखिएको छ । यी कथाहरू संस्कृतिक तथा राष्ट्रिय जनजीवनका रीतिरीवाजलाई प्रतिविम्वित गर्ने खालको हुनु पर्दछ । स्वदेशी तथा विदेशी लोक कथाहरू क्रमशः मिलाएर राख्नु पर्ने हुन्छ । कक्षा सातमा खरानीको डोरी शीर्षक नामक कथा लोक कथाको रुपमा समावेश गरिएको छ । यस कथामा आङ्फूर्वाले आङ्दावाप्रति गरेको सम्मानजनक व्यावहारको व्याख्या गरेको छ । वास्तवमा एउटा छोराको बाबुप्रति कति माया ममता हुदो रहेछ तथा बुढा पाकाको बुद्धिले ठूलो कार्य पनि सम्पन्न हुन्छ भन्ने देखाइएको छ । कथामा बुबाले छोरालाई छोराले बुबालाई गरेको सम्मान जनक व्यवहार र छोरालाई परेको जटिल कार्य बुबाको बुद्धिले सहज रूपमा सफल पार्न सहयोग पुऱ्याएको कुरा प्रस्तुत गरिएको छ ।  त्यसैले खरानीको डोरी शीर्षक लोक कथाका लागि उपयुक्त देखिन्छ ।

### ४.१.१.३ ऐतिहासिक कथा

इतिहासमा घटित घटनाहरूको पृष्ठभूमिमा संरचित कथालाई ऐतिहाकि कथा भनिन्छ । यसमा राष्ट्रिय स्वभिमान, गौरव र वीरताले भरिएका ऐतिहासिक राष्ट्रिय तथा अन्तराष्ट्रिय पराक्रम सम्बन्धी घटनामा आधारित कथाहरू हुन्छन् । नि.मा.वि. तहका

पाठ्यक्रमले ऐतिहासिक कथालाई निर्देश गरेको भए पनि कक्षा सातको पाठ्यपुस्तकमा ऐतिहासिक कथा समावेश गरेको पाइदैन ।

### ४.१.१.४ नैतिक कथा

पाठ्यक्रमले निर्देश गरे अनुरूपको नैतिक कथा कक्षा सातको हाम्रो नेपाली किताबमा समावेश गरिएको पाइन्छ । कक्षा ७ मा मास्टरकी आमा शीर्षक नामक कथा नैतिक कथाको रुपमा रहेको पाइन्छ । यस कथाले समाजमा रहेको युवकहरूले आफ्नो नैतिक जिम्मेवारी वहन गर्नु पर्दछ भन्ने सन्देश दिएको छ । यस कथामा हर्के सानै उमेरमा बाबु विहिन भए पनि आफ्नी आमाको आर्ति उपदेश मानेर, सुरुमा दुःख पूर्ण जीवन विताएता पनि अन्त्यमा आमासँग सुख शान्ति साथ मिलेर जीवन विताइएको चित्रण गरिएको छ । कथामा आमाको उपदेशले हेर्केको राम्रो चरित्र निर्माण भएको देखाएको छ । हर्केको नैतिक पूर्ण जिम्मेवारी पूरा भएको कथामा देखाएको हुनाले यो कथा नैतिक रूपले उपयुक्त रहेको देखिन्छ । हर्केले आफ्नी आमाको सपना साकार पारेको छ । यस कथामा आफ्नी आमाको नियम पालन गरेका छन् । आफ्नी आमासँग सुख शान्तिसँग मिलेर बस्न थाल्दछ त्यसैले यसलाई नैतिक कथा अनुरूप रहेको देखिन्छ ।

### ४.१.१.५ आधुनिक कथा

वर्तमान युग चेतनालाई प्रतिविम्वित गर्ने खालका कथालाई आधुनिक कथा भनिन्छ । यस अन्तर्गत स्वदेशी र विदेशी दुवै विषयवस्तुमा आधारित हुनुपर्छ । समसामायिक युग जीवनका विविध पक्षलाई उद्घाटन गरी युगिन चेतना उद्बोधन गराउने खालको कथालाई आधुनिक कथाको रूपमा लिइन्छ । आधुनिक कथा अन्तर्गत सामाजिक, बाल मोवैज्ञानिक, यथार्थवादी जस्ता कथा पर्दछन् । कक्षा सातको हाम्रो नेपाली किताबमा 'मानिसलाई कति जमिन चाहिन्छ ?' र 'बुहारीको खोजी' नामक दुई आधुनिक कथा समावेश गरिएको छ । मानिसलाई कति जमिन चाहिन्छमा मानिसले धेरै लोभ गर्नु हुदैन, मानिसको लोभ र स्वार्थको परिणाम मृत्यु हुन्छ भन्ने कुरा देखाइएको पाइन्छ । त्यसैगरी बुहारीको खोजिमा मणिलालले आफ्नो छोरा राजुलाई बुहारी खोज्ने बुद्धिमताको चर्चा गरिएको छ । यी दुवै कथा सामाजिक विषयवस्तुमा आधारित छन् । यी दुवै कथाले वर्तमान युग चेतनालाई वा समय सापेक्षतालाई प्रतिविम्वित गरेको हुनाले आधुनिक कथा भित्र राखिएको हो ।

सङ्ख्या र अङ्कभारका दृष्टिले कक्षा सातको हाम्रो नेपाली किताबमा निम्न लिखित कथाहरू पाइन्छन् :-

| क.स. | कथाका प्रकार | सङ्ख्या | अङ्कभार |
|---|---|---|---|
| १. | लोक कथा | १ | |
| २. | पौराणिक कथा | २ | |
| ३ | ऐतिहासिक कथा | | १० |
| ४. | आधुनिक कथा | २ | |
| ५ | नैतिक कथा | १ | |

(नि.मा.वि पाठ्यक्रम,२०५८)

## ४.२ सीपगत दृष्टिले कथा विधाको विश्लेषण

भाषा पाठ्यपुस्तकको मुख्य उद्देश्य भाषिक सीप विकास गर्नु हो । भाषाका आधारभूत सीपहरू एक अर्कामा अन्तरसम्बन्धित हुन्छन् । भाषाका सीप मध्ये एउटा सीप गलत भयो भने अर्को सीप पनि गलत हुन्छ । सुनाइ सीप गलत भए बोलाइ सीप पनि गलत हुन्छ । भाषाका  चार सीप समान रूपमा विकास हुनु पर्दछ । कुनै पनि भाषिक सीप गलत रुपमा विकास हुनु हुदैन । कक्षा सातको नेपाली किताबमा समाविष्ट कथाहरूबाट पनि भाषाका आधारभूत सीपहरू विकास गर्न सकिन्छ । भाषाका चार सीपलाई कथाका आधारमा छुट्टा छुट्टै विश्लेषण निम्नानुसार गरिएको छ :

### ४.२.१ सुनाइ सीप

कथा भन्ने साथै सबै कथाहरू श्रवणीय हुन्छन् । सबै किसिमका कथाहरूले एकै किसिमका कार्यकलपाबाट सुनाइ सीप विकास गर्छन भन्ने चाहि होइन । कक्षा सात (७) को हाम्रो नेपाली किताबमा समावेश गरिएका कथाहरू पनि फरक फरक ढाँचा किसिम र विषयवस्तुमा आधारित छन् । सुनाइ सीप विकासका लागि श्रुतिलेखन, श्रृतिरचना, बुँदा टिपोट श्रुति बोधात्मक प्रश्नोत्तर ध्वनी पहिचान, वर्ण विभेदीकरण, अनुप्रास मिलाउने जस्ता क्रियाकलाप कथा शिक्षणमा गराउन सकिन्छ ।  कथा मनोरञ्जन प्रदान गर्ने खालका कौतुहल जगाउने र सुन्न मन पर्ने खालका सरल एवम सुबोध भाषा शैली भएका हुनु आवश्यक हुन्छ (अधिकारी,२०६९) ।

'बुहारीको खोजी' लोककथाबाट विद्यार्थीहरूले मनोरञ्जनात्मक तरिकाले श्रवण गरी कथा बुझ्न सक्छन् । यस्ता कथाको सुनइबाट श्रुतिकोबोधात्मक प्रश्नोत्तर गरेर विद्यार्थीहरूको बोध क्षमता वृद्धि गराउन सकिन्छ । यस्ता कथाबाट विश्लेषणात्मक सीप विकास गर्न सक्षम हुन्छन् । विश्लेषणात्मक सुनाइबाट सम्बन्धित विषयको विवेचना विश्लेषण गर्नु, टीक्का टिप्पणी गर्नु र खण्डन गर्नु आदि कार्यकलापहरू गराउन सकिन्छ । 'वाल्मीकि' र 'कदर्य' नाम दुई पौराणिक कथाहरूबाट पनि विश्लेषणात्मक सुनाइ सीप विकास गर्न सकिन्छ उक्त कथाहरू एकाग्र भई सुनेर मनोरञ्जन लिनका अलवा विश्लेषण क्षमतामा पनि वृद्धि गर्न सकिन्छ ।

यसरी कक्षा ७ को हाम्रो नेपाली किताबमा प्रयुक्त एउटा लोककथा र दुई वटा पौराणिक कथाहरूबाट सुनाइ सीप विकास गर्न सहयोग पुग्दछ ।

## ४.२.२ बोलाइ सीप

मौखिक अभिव्यक्ति सीपलाई बोलाइ सीप भनिन्छ । सबै कथाह बोलेर अभिव्यक्ति गरिन्छ । बोलाइ सीप विकास गर्नका लागि कथा शिक्षणबाट प्रश्नोत्तर कथाकथन छलफल घटना वर्णन खास परिस्थिति आदि जस्ता कार्यकलापहरू अपनाउन सकिन्छ । यसका लागि संवाद शैलीयुक्त मनोरञ्जनपूर्ण, सरल भाष शैलीयुक्त, थेगो, निपात, उखान, टुक्का आदिको समावेश भएका कथाहरू पर्दछन् (अधिकारी,२०६९) । यस्ता कथाहरूले बोलाइ सीप विकासमा जोड दिन्छन् । कक्षा ७ का नेपाली किताबमा प्रयुक्त 'वाल्मीकि' 'बुहारीको खोजी' 'मानिसलाई कति जमिन चाहिन्छ?' शीर्षक कथाबाट बोलाइ सीप विकास गर्न सकिन्छ । उक्त कथाहरूबाट प्रश्नोत्तर छलफल, वर्णन, कुनै खास परिस्थिति बारे विचार व्यक्त गर्न लागउने परिचर्चा गराउने आदि जस्ता क्रियाकलाप गराइ बोलाइ सीपको प्रभावकारी रुपमा विकास गर्न सकिन्छ । 'वाल्मीकि' 'बुहारीको खोजी' कथामा संवादात्मक अभिव्यक्ति पाइन्छ । यसरी माथि उल्लेख गरिएका कथाहरूबाट बोलाइ सीप विकास गर्न सहयोग पुगेको देखिन्छ ।

## ४.२.३ पढाइ सीप

पढाइ भनेको लिपिबद्ध भाषामा उतारिएको ज्ञान एवम सूचनालाइ आफ्ना मस्तिष्कले ग्रहण गर्ने सीप हो । पढाइ सीप विकास गर्नका लागि पनि कथा विधाले महत्वपूर्ण भूमिका

खेलेको हुन्छ । पढाइ दुइ तरिकाले गर्न सकिन्छ सस्वरपाठन र मौन पाठन सस्वर पाठन सीप विशेष गरी साना कक्षाका लागि महत्वपूर्ण हुन्छ भने मौनपठन अपेक्षित रुपमा ठूलो कक्षाका लागि पढाइ सीप विकास गर्न सहयोग पुग्दछ (अधिकारी,२०६९) । कक्षा सातको 'वाल्मीकि' नामक पौराणिक कथाबाट पढाइ सीप विकास गर्न सकिन्छ । आधुनिक पाराले लेखिएको भए पनि पुराण र इतिहासका विषय वा घटनामा आधारित भएकाले यि कथामा समावेश भएका विषयहरू बढी बोध क्षमतामा वृद्धि ल्याउने किसिमका देखिन्छ । 'मास्टरकी आमा' नीति कथामा सामाजिक विषयवस्तुमा आधारित रहेर कथामा विभिन्न नीति नियमबारे उल्लेख गरेको पाइन्छ । यी कथाबाट सस्वरवाचन , मौन वाचन गराइ पढाइ सीप विकास गर्न सकिन्छ । यस बाहेक 'खरानीको डोरी', 'मानिसलाई कति जमिन चाहिन्छ' र 'बुहारीको खोजी' जस्ता कथालाई सस्वर कथन गरेर ठीक ढङ्गले वर्णन र शब्दको उच्चारण गरी गतियति ढङ्ग, ढाँचा मिलाई बाचन गरेर पनि पढाइ सीप विकास गर्न सकिन्छ । यी कथाहरूमा विद्यार्थीहरूलाई मन मनै पढ्न लगाई कथामा निहित भागको पहिचान गर्ने, मुख्य कुराको बोध गर्ने मुख्य मुख्य बुँदाहरू पत्ता गाउने प्रस्तुत भावप्रति आफ्नो विचार प्रस्तुत गर्न आदि कार्यकलाप गराउरु पनि पढाइ सीप विकास गर्न सकिन्छ ।

## ४.२.४ लेखाइ सीप

सवै किसिमका कथाहरूबाट लेखाइ सीप विकास गराउन सकिन्छ । कुनै कथाबाट लेखन सीप विकास गराउन एक किसिमको कार्यकलाप गराउन सकिन्छ भने कुनै बाट अर्को कार्यकलाप गराएर लेखाइ सीप विकास गराउन सकिन्छ । लेखाइ, सीप, विकास गर्नका लागि कथा शिक्षणबाट अनुभव वा घटना वर्णन, अनुलेखन, श्रृतिलेखन, प्रश्नोत्तर लेखन, बुदा टिपोट, भावविस्तार सारांश लेखन, अनुच्छेद लेखन कथा लेखन आदि जस्ता क्रियाकलाप गराउन सकिन्छ (अधिकारी,२०६९) ।

कक्षा सातको नेपाली किताबमा समावेश खरानीको डोरी, मानिसलाई कति जमिन चाहिन्छ ? बुहारीको खोजी, आदि कथाहरूबाट सिर्जनात्मक लेखाइ सीप विकास गर्न सकिन्छ । यी कथाहरूमा मनोरञ्जनात्मक विषय सामाजिक घटनामा आधारित मनोवैज्ञानिक र संवादात्मक र आत्मलापको प्रस्तुति पनि पाइन्छ ।

यस्ता कथाहरूको माध्यमबाट आफ्नो समाजमा घटेका वा घट्न सक्ने त्यस्तै घटनालाई कथावस्तु बनाइ कथा लेख्न प्रेरित गर्न सकिन्छ यस्ता कथाहरूबाट प्रश्नोत्तर

लेखन, कथालेखन भाव विस्तार, अनुभव लेखन आदि जस्ता कार्यकलाप गराई लेखन सीप विकास गर्न सकिन्छ । 'वाल्मीकि' 'कदर्य' पौराणिक कथाबाट घटना वर्णन अनुलेखन श्रुतिलेखन, प्रश्नोत्तर लेखन जस्ता कार्यकलाप गराइ लेखन सीप विकास गराउन सकिन्छ ।

## ४.३ विद्यार्थीको रुचि, क्षमता र स्तर अनुरूपका आधारमा कथा विश्लेषण

कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरू पाठ्यक्रम अनुरूप भए पनि त्यस कथाहरू अधयन गर्ने विद्यार्थीहरूका रुचि क्षमता र स्तर अनुरूप भए नभएको पनि अध्ययन गर्नु आवश्यक मानिन्छ । त्यसैले कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरू विद्यार्थीको रूचि, क्षमता र स्तर अनुरुपताको अध्ययन छुट्टाछुट्टै रूपमा निम्नानुसार गर्न सकिन्छ :

### ४.३.१ पौराणिक कथा

कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका ६ वटा कथाहरू मध्ये पौराणिक कथाका रूपमा वाल्मीकि र कदर्य शीर्षकका कथा रहेका छन् । जसमध्ये वाल्मीकि कथामा रामायणका रचनाकार वाल्मीकिको बाल्यकालमा रहेको वा देखिएको कुकार्यको वर्णन गरिएको साथै नारदको उचित सल्लाह र सुझाव पछि कुख्यात डाका रत्नाकार वाल्मीकि बनेको सन्देश दिने कथा बालबालिकाको लागि रोचक रुचिपूर्ण कथा हो । त्यसैले वाल्मीकि शीर्षक कथा कक्षा सातका विद्यार्थीहरूको रुचि क्षमता र स्तर अनुरूप नै रहेको देखिन्छ । पौराणिक कथाको रुपमा रहेको अर्को कदर्य शीर्षक कथामा कदर्यको कञ्जुस्याइ अनि पैसाको लोभले भेदविक्षत भएको उसको परिवारलाई जटाधारी साधुको चुणमिश्रित दुधले पागल बनाई कदर्यको फल नमिठो हुने पश्चाताप गराउन सफल देखिन्छ । यस कथामा समावेश भएका शब्दहरू विद्यार्थीहरूको स्तर र क्षमता भन्दा केही जटिल भएको देखिन्छ । त्यसैले कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समावेश दुई पौराणिक कथा मध्ये वाल्मीकि शीर्षक कथा विद्यार्थीहरूको रुचि क्षमता र स्तर अनुरूप नै भए पनि कदर्य शीर्षक कथा विद्यार्थीको रुचि अनुरूप भए पनि क्षमता र स्तर भन्दा केही जटिल रहेको देखिन्छ ।

### ४.३. २ लोक कथा

गाउघरमा प्रचलित आधारित लिखित स्रोत नभेटाइएका लोकमा चल्दै आएका कथाहरूलाई लोक कथा भनिन्छ । कक्षा सातको हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरू मध्ये 'खरानीको डोरी' कथा यस अन्तर्गत पर्दछ । यस कथामा आफ्नो जीवनसँग सम्बन्धित घटनाहरूको वर्णन गरिएको हुनाले साथै यस कथामा प्रयोग भएका शब्द, वाक्य विद्यार्थीहरूको रुचि क्षमता र स्तर अनुसार नै रहेको देखिन्छ । यस कथाको भाषा शैली पनि सरल सहज सुबोध भएको कारण कक्षा सातको विद्यार्थीहरूका रुचि क्षमता र स्तर अनुरूप उपयुक्त नै देखिन्छ ।

### ४.३.३ नीतिकथा

कक्षा सातको नेपाली पाठ्यपुस्तकमा नीति कथाको रुपमा 'मास्टरकी आमा' शीर्षक कथा रहेको पाइन्छ । यस कथामा शिक्षा आर्जनले मानिसलाई कति सम्मान पूर्वक वाचन सिकाउछ भन्ने सन्देश दिएको छ साथै यस कथामा वीच वीचमा टुक्काहरूको प्रयोग गरी विद्यार्थीहरूका लागि प्रभावकारी मनोरञ्जन युक्त बनाएको छ साथै कथा सजिलै बुझ्न सकिन्ने पढे पछि अर्थ वा भाव स्पष्ट थाहा पाउन सकिने भएको कारण विद्यार्थीको लागि उपयोगीमूलक रहेको पाइन्छ । यस कथामा शिक्षाको महत्वको बारेमा पनि केही सन्देश दिएको हुनाले विद्यार्थीको रुचि क्षमता र स्तर अनुरूप उपयुक्त नै भएको देखिन्छ ।

### ४.३.४ आधुनिक कथा

वर्तमान युगचेतनालाई प्रतिविम्वित गर्ने परिर्वतनशील समय-सापेक्षा समसामयिक युगजीवनका लागि विविध पक्षहरूलाई उद्घाटन् गरी युगीन चेतना उद्बोधन गराउने प्रवृतिको कथालाई आधुनिक कथा भनिन्छ । यस अन्तर्गतको कथा स्वादेशी र विदेशी विषयवस्तुमा आधारित रहेको पाइन्छ । कक्षा सातमा आधुनिक कथाको रुपमा मानिसलाई कति जमिन चाहिन्छ । बुहारीको खोजी दुइवटा कथा पर्दछ । मानिसलाई कति जमिन चाहिन्छ शीर्षक कथामा हामीले बढी लोभ गर्नु हुदैन । लोभ र स्वार्थले मानिसलाइ मृत्यु सम्म पुऱ्याउन सक्छ भन्ने सन्देश दिएको पाइन्छ । साथै यस कथामा विदेशी विषयवस्तुमा आधारित भएको हुनाले यसमा प्रयोग भएका केही शब्दहरू जटिल र क्लिष्ट भएको पाइन्छ । त्यसैले यस कथामा विद्यार्थीहरूको रुचि अनुरूप भए पनि क्षमता र स्तर भन्दा केही जटिल

भएको देखिन्छ । त्यस्तै, आधुनिक कथा अन्तर्गत 'बुहारीको खोजी' शीर्षक कथा सामाजिक विषय वस्तुमा आधारित रहेको पाइन्छ । यस कथामा मणिलालले आफ्नो सन्तानको लागि गर्नु पर्ने कर्तव्य पूरा गर्न धेरै समय लागेको तर अन्त्यमा जसरी भए पनि कर्तव्य सफल भएको देखाएको छ । यस कथामा प्रयोग भएका शब्द वाक्य भाषाशैली सरल सुबोध रहेको पाइन्छ । यस कथाको भाव एकै पटकमा प्रष्ट हुन सक्छ त्यसैले बुहारीको खोजी शीर्षक कथा विद्यार्थीको रुचि क्षमता र स्तर अनुरूप नै रहेको पाइन्छ ।

सामग्रमा अध्ययन गर्दा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समावेश समसामयिक, नैतिक पौराणिक, ऐतिहासिक लोक विषयवस्तुमा आधारित कथाहरू मध्ये पौराणिक विषयवस्तुमा आधारित 'कदर्य' शीर्षक कथा र आधुनिक विषयवस्तुमा आधारित मानिसलाई कति जमिन चाहिन्छ? भन्ने कथा विद्यार्थीहरूको क्षमता र स्तरभन्दा केही जटिल रहेको देखिन्छ साथै कक्षा ७ का नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको आफूले गरेको अध्ययन विश्लेषणबाट निष्कर्षमा पौराणिक विषयवस्तुमा आधारित कदर्य शीर्षक कथा र आधुनिक कथाको रुपमा रहेको मानिसलाई कति जमिन चाहिन्छ? शीर्षक कथा विद्यार्थीहरूको क्षमता र स्तरभन्दा जटिल भएको प्रमाणित भएको छ भने अन्य 'वाल्मीकि' 'खरानी डोरी' 'बुहारीको खोजी' र 'मास्टरकी आमा' शीर्षक कथाहरू विद्यार्थीको रुचि क्षमता र स्तर अनुरूप नै रहेको कथाको अध्ययनबाट निष्कर्षमा भन्न सकिन्छ ।

## ४.४ छनोट र स्तरणका आधारमा कथाको समीक्षा

जुनसुकै भाषाको औपचारिक शिक्षणका लागि पाठ्यवस्तहरूको छनोट र स्तरण विभिन्न दृष्टिले गर्न आवश्यक ठानिन्छ । सीमित समय र स्रोतबाट अधिकतम् लाभ प्राप्त गर्न जुनसुकै स्थितिमा प्राथमिक कक्षा र ती भन्दा माथिल्ला कक्षाहरूमा समेत नेपाली भाषा शिक्षणका सन्दर्भमा छनोट र स्तरण प्रासङ्गिक ठहर्दछ । स्तरीय भाषिक सीप विकास गराउन पाठ्यपुस्तकमा भाषा सम्बन्धी विभिन्न विद्यार्थीहरूको छनोट गरिएको हुन्छ । भाषिक सीप वृद्धिका साथै विविध विषयवस्तुको जानकारी गर्ने उद्देश्यले कथा विधामा लोक कथा नीतिमूलक कथा, पौराणिक कथा ऐतिहासिक कथा आधुनिक कथाहरूको छनोट गरिएको हो । छनोट गरिएको विषयवस्तुलाई मिलाएर राख्ने क्रम स्तरण हो । पाठ्यक्रममा उल्लेख भएका विषयवस्तुहरूलाई विद्यार्थीको रूचि आवश्यकता उमेर पूर्वज्ञान जस्ता कुराहरूलाई ध्यान दिएर मिलाउने कार्य स्तरण हो । पाठ्यवस्तुको छनोटमा ज्ञातबाट

अज्ञाततिर, सरलबाट जटिलतिर तथान विशिष्टबाट समान्यतिर जाने क्रम मिलेको छैन भने शिक्षकले जति सुकै प्रभावकारी रुपले शिक्षण गरेपनि शिक्षार्थीले सफल रुपमा शिक्षा हासिल गर्न सक्दैन । पाठको प्रस्तुतीकरणमा पूर्वधार सापेक्षता र पारस्परिक सम्बद्धताका आधारमा पहिलो पाठ दोस्रो पाठको लागि आधार बन्न सक्नुपर्छ । यसको प्रयोजन पहिलो भन्दा दोस्रो, दोस्रो भन्दा तेस्रो पाठ स्तरीकृत हुदै जानु पर्छ भन्ने हो । सुरुका पाठहरूका कतिपय कुराहरूको पछिल्लो पाठमा श्रृङखालाबद्ध रुपमा आवृति हुदै जानु पर्दछ भाषा शिक्षण कथा शिक्षणका लागि पाठ्यक्रम तथा पाठ्यपुस्तकको महत्वपूर्ण भूमिका रहेको हुन्छ । निम्नमाध्यमिक तहको पाठ्यक्रमले लोककथा, नीति कथा, पौराणिक/ऐतिहासिक तथा आधुनिक कथा आदि क्षेत्रका कथाहरू समावेश गर्न निर्देश गरेको छ । कक्षा सातको हाम्रो नेपाली किताबमा लोक कथा अन्तर्गत वाल्मीकि र कदर्य छन् । आधुनिक कथा अन्तर्गत बुहारीको खोजी मानिसलाई कति जमिन चाहिन्छ? आदि जस्ता कथाहरू समावेश गरिएका छन् ।

## ४.४.१ पाठ्यवस्तु छनोटको परिचय

छनोटको अर्थ छान्नु, चयन गर्नु वा रोज्नु हो । भाषा पाठ्यक्रम निर्माणका कममा सम्बन्धित विषय शिषणका आवश्यकता विश्लेषण पूरा गर्नका लागि उपयुक्त उद्देश्यहरूको निर्धाणरण र निर्धारित उद्देश्य पूरा गर्नका लागि तय गरिने विषयवस्तु वा पाठ्यवस्तु निर्धारणका सिलसिलामा छनोट गर्नुपर्छ । के कस्ता र कुन आकार प्रकारका भाषिक पाठ्यसामग्रीहरू छनोट गरेमा ती पाठ्य सामग्री विद्यार्थीका सिकाइ प्रवृति एवम् स्तर अनुकूल हुन सक्छन् र अपेक्षित उद्देश्य र आवश्यकता पूरा गर्न उपयोगी हुन सक्छन् भने कुराको विवेक सम्मत सोच र प्रविधि नै पाठ्यवस्तु छनोटको अभिप्राय हो पाठ्यवस्तुलाई छनोट गर्दा विद्यार्थीहरूको रुचि क्षमता र स्तरलाई पनि ध्यान दिनु पर्दछ ।

### ४.४.१.१ कथाको विषयवस्तु

कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाका पाठहरूलाई विषयवस्तुका आधारमा निम्नानुसार चर्चा /विश्लेषण गर्न सकिन्छ :

**क) वाल्मीकि**

कक्षा सातमा समावेश कथा मध्ये वाल्मीकि पौराणिक कथा अन्तर्गत पर्दछ । वाल्मीकि शीर्षक कथामा अर्ती उपदेश दियो भने जति सुकै जघन्य अपराध गर्ने कुख्यात डाका पनि असल मान्छे बन्न सक्छ । अर्ती उपेदश मानव जीव्नका लागि अति आवश्यक तत्व हो भन्ने उद्देश्यले यस कथाको छनोट गरिएको देखिन्छ । यस कथामा हेर्दा असल जस्तो देखिएको कुख्यात डाकाका रूपमा जघन्य अपारध गर्ने रत्नाकार देवर्षि नारदको अर्ती उपदेशले असल व्यक्तिको रुपमा स्थापित भएको देखाएको छ । यस कथाले विद्यार्थीहरूलाई आफ्नो मान्यजन्य वा गुरुहरूबाट अर्ती उपदेश लिन सकियो भने असल व्यक्तिको रुपमा संसारमा प्रख्यात हुन सकिन्छ भन्ने कुरा निर्देश गरेको छ । यस कथा विद्यार्थीको लागि उपयोगीमूलक भएको कारण छनोट गरिएको हो ।

**ख) खरानीको डोरी**

'खरानीको डोरी' शीर्षक कथा लोक कथा अन्तर्गत पर्दछ । यस कथामा आफ्नो जन्म दिने बुबा आमा प्रति सन्तानको माया ममता र आफू जति सुकै जान्ने बुझ्ने भए पनि आफ्नो अगाडि कुनै ठूलो कार्य आइलाग्यो भने गर्न सक्दैनौ तर बुढापाकाको बुद्धिले जति ठूलो कार्य वा समस्या पनि समाधान गर्न सकिन्छ भन्ने सन्देश दिएको छ । त्यसैले कक्षा सातको विद्यार्थीको स्तर क्षमता अनुरूप नै खरानीको डोरी भन्ने कथा रहेको पाइन्छ । यस कथाको शीर्षक आश्चर्य जनक भए पनि यसले दिन खोजिएको सन्देश उपयोगी मूलक हुनाले यस कथाको छनोट गरिएको हो ।

**ग) मानिसलाई कति जमिन चाहिन्छ** ?

यस कथामा मान्छेले धेरै लोभ गर्नु हुदैन । मासिनले गरेको लोभ र स्वार्थको परिणाम मृत्यु हुन्छ भन्ने उद्देश्यले यस कथाको छनोट गरिएको हो । यस कथामा मानिसले जति धेरै जमिन बनाए पनि अत्यमा आफ्नो शरीर ढाक्ने मात्र जमिनको आवश्यकता पर्दछ त्यसैले धेरै जमिन बनाउन तर्फ लोभिनु हुदैन भन्ने सन्देश पनि दिएको पाइन्छ । यस कथाले विद्यार्थीहरूलाई हामी कोही पनि लोभ र स्वार्थमा लाग्नु हुदैन । लोभ र स्वार्थमा लागेर हामीले कहिले पनि उन्नति र प्रगति गर्न सक्दैनौ भन्ने शिक्षा प्रदान गरेको पाइन्छ । त्यसैले यो कथा विद्यार्थीहरूको स्तर र क्षमता अनुसार उपयुक्त नै भएको कारणले छनोट गरिएको छ ।

**घ) कदर्य**

कदर्य पौराणिक विषयवस्तुमा आधारित कथा हो । कदर्यको कञ्जुस्याँइ अनि पैसाको लोभले आफ्नो परिवारबाट पनि एक्लै भएर बस्नु पर्ने जटाधारी साधुको चूर्णमिश्रित दूधले उसलाई पागल बनाई कदर्यको फल नमिठो हुने सन्देश यस कथाले दिएको पाइन्छ । यस कथाले विद्यार्थीलाई आफूलाई आवश्यकता परेको अनुसार खर्च गर्न पछि पर्नु हुदेन । आफूलाई आवश्यकता परेको ठाउँमा पनि खर्च नगरी लोभ गरेर राख्दा त्यस सम्पत्तिले कुनै कार्य सम्पादन गर्नाले परिवार तथा सामाजबाट अलगिएर बस्नु पर्ने हुन्छ साथै लोभले लाभ लाभले विलाभ भने झै हुन्छ भन्ने शिक्षा प्रदान गरेको छ । त्यसैले यस कथा प्रभावकारी नै रहेको पइन्छ ।

**ङ) बुहारीको खोजी**

बुहारीको खोजी शीर्षक कथा सामाजिक विषयवस्तुमा आधारिक कथा हो । यस कथामा आफ्नो बुबाले सन्तानको खुसीका लागि बुद्धमतापूर्ण गरेको कार्यको चर्चा गरिएको छ । मणिलालले आफ्नो छोरा राजुलाई बुहारी खोज्न लागएको बुद्धि साथै कुनै पनि कार्य सफल हुन धेरै पटक प्रयास गर्नु पर्छ भन्ने कुराको पनि प्रस्तुत गरिएको छ । यो कथा वर्तमान समय सापेक्षा नै रहेको देखिन्छ । यस कथाले विद्यार्थीहरूलाई आफ्नो लक्ष्यमा पुग्न धेरै पटक प्रयास गरे पश्चात लक्ष्य व. गन्तव्यमा पूग्न सकिन्छ भन्ने शिक्षा प्रदान गरेको पाइन्छ । यो कथा विद्यार्थीको लागि उपयुक्त नै देखिन्छ ।

**च) मास्टरकी आमा**

मास्टरकी आमा नौतिक विषयवसतुमा आधारित कथा हो । यसमा समाजमा रहेको युवकले आफ्नो नौतिक जिम्मेवारी वहन गर्नुपर्छ भन्ने कुराको चरितार्थ गरेको पाइन्छ । यस कथामा सुरुमा हर्के गरिब परिवारमा जन्मिएको भए पनि आमाको अर्ती उपदेश मानि आमाको सपना साकार पारेको छ । हर्केले सुरुपमा केही गर्न नसके पनि अन्त्यमा मास्टर बनेर आफ्नो आमासँग सुख शान्तिसँगमिलेर बस्न थाल्दछ । यस कथाले गरिब भएर आतिनु वा हरेस खानु हुदैन कहिले कही गरिबको पनि दिन आउँछ र सुखका साथ जीवन विताउन

सकिन्छ भन्ने सन्देश पनि दिएको पाइन्छ । त्यसैले कक्षा सातका विद्यार्थीहरूको लागि यो कथा उपयुक्त नै देखिन्छ ।

## ४.४.१.२ शब्दभण्डार

छनोटका आधारले कक्षा सातको कथा विधामा समावेश गरिएका शब्दभण्डारको विश्लेषण निम्नानुसार गरिएको छ ।

### क) बाल्मीकि

छनोटका रूपमा बाल्मीकि कथामा धेरै जसो शब्दहरू तल्ला कक्षामा सिकिसकेकै देखिन्छन् तर पनि कुख्यात, जघन्य, कौञ्जा पक्षी प्राण जस्ता शब्दहरू भने नयाँ देखा परेका छन् । दैनिक जीवनसँग सम्बन्धित हुने किसिमका शब्दहरू प्रयोग भएका कारण कथाको शब्दभण्डार राम्रो देखिन्छ ।

### ख) खरानीको डोरी

यस कथामा प्रयुक्त शब्द भन्दा कक्षा सातका विद्यार्थीहरूको लागि स्तर अनुरूप नै देखिन्छन् । यस कथामा राजाको अगाडि बाबुको दुहाइ धेर्य गर्नु पर्छ, हरेस खानु हुन्न जस्ता उखान पनि प्रयोग भएको कारण उपयुक्त भएको हो ।

### ग) मानिसलाई कति जमिन चाहिन्छ

यस कथामा कति पय शब्दहरूको अर्थ पनि दिइएको छैन । अर्थ दिए पनि जटिल किसिमको छ । जस्तै विघा, भोल्गा, रूबल, एकड आदि शब्दभण्डारको हिसाबले यस कथालाई कठिन रूपमा लिन सकिन्छ । यस पाठमा प्रयोग भएका शब्दहरू कक्षा सातका विद्यार्थीका लागि स्तर हिन देखिन्छन् ।

### घ) कदर्य

कदर्य कथामा प्रयुक्त शब्दहरूलाई केलाउँदा केही शब्दहरूको अर्थ पनि दिइएको छैन भने केही शब्दहरू कठिन किसिमका छन् जसले गर्दा विद्यार्थीहरूलाई बुझ्न कठिन पर्दछ । जस्तै, सञ्चय, भाका, रौप्यमुद्रा, आभूषण, स्वर्णकङ्कण ।

### ङ) बुहारीको खोजी

यस कथामा प्रयुक्त शब्दहरू दैनिक जीवनसँग सम्बन्धित देखिन्छन् । विद्यार्थीहरूलाई बुझ्नका लागि सहज किसिम नै छ । कक्षा सातका लागि यस कथा विद्यार्थीको स्तर अनुरूप नै देखिन्छ । जस्तै, सुशिल, जासुस, निरास, दयालु, पागल, इनाम ।

### च) मास्टरकी आमा

मास्टरकी आमा कथामा प्रयुक्त शब्दभण्डारहरू दैनिक जीवनमा चलि रहने गाउँले शब्दहरूको अत्यान्त प्रयोग गरिएको छ । जस्तै एक हलको मेलो, बनिबुतो, मेलापात, पालो, थारो, त्यान्द्रा आदि । यस कथाको शब्दभण्डारलाई अध्ययन गर्दा कक्षा सातका विद्यार्थीका लागि स्तरयुक्त नै देखिन्छ ।

## ४.४.१.२ स्तरणको परिचय

विद्यार्थीहरूको निर्धरित उद्देश्यहरूलाई उच्चतम प्रभावकारीताका साथ पूरा गर्न सक्षम होउन भन्ने हेतुले पाठहरूको स्तरण गर्नु पर्दछ । पाठ्यक्रमले तोके अनुसार पाठ्यवस्तुलाई एक पछि अर्को गर्दै क्रमबद्ध रुपमा राख्नु स्तरण हो । छनोट गरिएका पाठयवस्तुलाई स्तरण गरेर राख्यो भने आपेक्षित उद्देश्य प्रभावकारी रुपमा हासिल गर्न सकिन्छ । कुनै पनि कक्षाका लागि छनोट गरिएका विषयवस्तुलाई व्यवस्थित रूपमा अनुक्रम मिलाइ संगठित गर्नु नै स्तरण हो (अधिकारी,२०६०) । यसरी छनोट गरिएको विषय वस्तुलाई स्तरण गरिएन भने विद्यार्थीको रुचि क्षमता उमेर र तह अनुरूप हुन सक्दैन साथै पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य पनि सफल हुन सक्दैनन त्यसकारण छनोट पछि स्तरण गर्नु अनिवार्य रूपमा आवश्यक देखिन्छ । पाठ्यवस्तुको स्तरण गरिएन भने शिक्षण कार्य सफल हुन सक्दैन साथै विद्यार्थीले अपेक्षा गरेका कुराहरू पनि सफल हुन सक्दैन । त्यसैले पाठ्यवस्तु छनोट पश्चात अनिवार्य रुपामा स्तरण गर्नु पर्दछ ।

स्तरण भित्र कथाका पाठहरू, विषयवस्तु शब्दभण्डार र प्रस्तुति जस्ता उपशीर्षक राखी हाम्रो नेपाली किताब कक्षा सातमा समावेश भएका कथाहरूको अध्ययन गर्ने सकिन्छ

### ४.४.१.३ कथाका पाठहरू

कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठका आधारमा निम्नानुसार अध्ययन गर्न सकिन्छ :

वाल्मीकि कथा कक्षा सातको विद्यार्थीहरूको रुचि क्षमता स्तर अनुरूप नै रहेको छ । यस पाठमा दिएका केही शब्दहरू क्लिष्ट भए पनि त्यसको अर्थ अन्त्यमा दिएको हुनाले उपयुक्त नै देखिन्छ । यस कथामा वाल्मीकिको बाल्यकालमा देखिएको रमाइलो घटनाको वर्णन गरिएको हुनाले विद्यार्थीलाई प्रसन्न तुल्याएको छ ।

'खरानीको डोरी' शीर्षक कथालाई अध्यायन गर्दा रमाइलो रोचक र विद्यार्थीको रुचि क्षमता स्तर अनुकल नै संरचित छ । यो कथा अकारको दृष्टिले हेर्दा केही लामो भद्ध भएको देखिन्छ । यस कथामा बुबाआमाले आफ्नो सन्तानप्रति देखाइने माया ममताको वर्णन गरिएको छ तथा राजाको अगाडि बाबुकी दुहाई ⁄चोक्टा खान गएको बढी झोलमा डुबेर मरी, धैर्य गर्नु पर्छ, हरेस खानुहुन्न जस्ता उखान प्रयोग गरी कथालाई प्रभावकारी बनाएको हुनाले स्तरणका दृष्टिले यसको विषयवस्तु उपयुक्त नै देखिन्छ ।

मानिसलाई कति जमिन चाहिन्छ? शीर्षक कथा स्तरणका दृष्टिले विद्यार्थीहरूको रूचि क्षमता अनुरूप नै रहेको छ । यो कथा रमाइलो मनोरञ्जन प्रदान गर्ने किसिमको नै रहेको पाइन्छ । यसमा प्रयोग भएका शब्दहरू विद्यार्थीहरूले बुझ्न सक्ने सरल प्रकृतिका नै रहेको पायन्छ । यस कथामा समावेश केही शब्दहरू कठिन प्रकृतिका रहेका छन् । जस्तै आजित, भोल्गा, रुबल, एकड आदि ।

कदर्य शीर्षक कथा कक्षा सातका विद्यार्थीहरूका स्तर अनुरूप प्रभावकारी रहेको देखिन्छ । यस कथामा कुनै पनि उखान टुक्काको प्रयोग नभएको भए पनि कथा विद्यार्थीको मन जित्न सफल भएको छ । यसमा समावेश भएका केही शब्दहरू क्लिष्ट रहेका छन् । जस्ते कदर्य स्वर्णकङ्कण, लुब्ध, मन्त्रोच्चारण, चुर्णमिश्रित ताम्रापत्र आदि ।

बुहारीको खोजी कथा विद्यार्थीहरूको रुचि क्षमता स्तर अनुरूप भएकोले स्तरणका दृष्टिले उपयुक्त नै देखिन्छ । यस कथामा उखान टुक्का आदिको प्रयोग गरिएको हुनाले झन प्रभावकारी उपयुक्त भएको छ । यसको अध्ययन गर्दा यसमा प्रयोग भएका शब्दहरू धेरै सरल सुवोध भएको पाइन्छ साथै भाषाशैली पनि सरल किसिमको रहेको पाइन्छ ।

मास्टरकी आमा कथा स्तरणका दृष्टिले उपयुक्तनै रहेका देखिन्छ । यस कथा नैतिक भावना प्रदान गर्ने खालका नै रहेको छ । यस कथामा आँसु पिउनु मुख हेर्नु, धनमाथिको

रातोगेडी, दिन फर्नु, खपिन सक्नु हुनु आदि टुक्काहरूको प्रयोग हुनुले विद्यार्थीहरूको रुचि क्षमता र स्तर अनुरूप रहेको देखिन्छ साथै विद्यार्थीका लागि उपयोग मुलक र प्रभावकारी नै रहेको छ ।

### ४.४.१.४ विषयवस्तु

विषयवस्तुका आधारमा कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तक समावेश कथाहरूको अध्ययन यसप्रसकार रहेको छः

कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा समावेश भएका कथाहरू पाठ्यक्रम अनुरूप नै रहेको देखिन्छ । नि.मा.वि. तहका विद्यार्थीहरू ११-१३ वर्ष सम्मका हुन्छन् । त्यसैले पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरू विद्यार्थीको रुचि क्षमताको आधारमा नै सामाजिक समसामयिक पौराणिक नैतिक जस्ता कथाहरू नै रहेको देखिन्छ । नि.मा.वि. तहका लागि पाठ्यक्रमले ६ वटा कथा पाठ्यपुस्तकमा समावेश गर्नु पर्ने कुरा निर्दिष्ट गरेको छ । यसैले कक्षा सातको पाठ्यपुस्तकमा कक्षामा ६ वटा कथा नै समावेश गरिएका छन् । पाठ्यक्रमले तोकेका विषयवस्तु अनुसार नै कथाहरू समावेश गरिएका छन् । जस मध्ये कक्षा सातको हाम्ो नेपाली पाठ्यपुस्तकमा ऐतिहासिक कथा समावेश छैन र अन्य लोक कथा, पौराण्कि कथा, नीति कथा र आधुनिक कथा सबै नै समावेश भएको पाइन्छ त्यसैले स्तरणका आधारमा विषयवस्तु उपयुक्त नै रहेको देखिन्छ ।

यसरी निम्नमाध्यमिक तहको कक्षा सातको पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको अध्ययन गर्दा पाठ्यक्रमले निर्देशन गरे अनुरूपको लोक कथा, नीति कथा, पौराणिक कथा, ऐतिहासिक कथा, र आधुनिक कथा नै रहेको पाइन्छ त्यसैले छनोटको आधारमा कक्षा ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा समावेश कथाहरू उपयुक्त नै रहेको देखिन्छ । तर स्तरणको आधारमा भने केही नमिलेको देखिन्छ । किनकी नि.मा.वि. तहको पाठ्यक्रमले सुरुमा लोक कथा, नीति कथा, पैराणिक कथा, ऐतिहासिक कथा र आधुनिक कथाको क्रमले राख्नु पर्ने निर्देश गरे पनि कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा सुरुमा पौराणिक त्यसपछि लोक कथा, आधुनिक कथा पौराणिक कथा आधुनिक कथा र अन्त्यमा नीति कथा समावेश गरेको हुनाले स्तरणका आधारमा कथाका पाठहरू उपयुक्त नरहेको क्रम नमिलेको देखिन्छ साथै पाठ्यक्रम र पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको तुलनात्मक

अध्ययनबाट निष्कर्षमा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू स्तरणका आधारमा पाठ्यक्रमले निर्देश गरे अनुरूप क्रम नमिलेको पाइएको छ ।

### ४.४.१.५ शब्दभण्डार

कुनै पनि कथामा स्तरणका दृष्टिले सरलबाट जटिल तर्फ शब्दहरू राख्नु पर्दछ । कथाको पूर्वभागमा सरल शब्दहरूको र अन्त्य भागमा पुग्दा क्रमशः जटिल शब्दहरूको अनुक्रममा हुनु पर्दछ ।

**क) बाल्मीकि**

बाल्मीकि कथामा प्रयोग भएका शब्दहरू अपहरण, पाषण, कुख्यात, देवर्षि पहिलो अनुच्छेदमा प्रयोग भएका छन् भने मध्य भागमा विमुक्त, भरणपोषण, मन्त्र जस्ता शब्दहरू रहेका छन् भने अन्त्य भागमा क्रौञ्ज पक्षी, द्रवीभूत, उत्कृष्ट, अविस्मरणीय शब्दहरू रहेका छन् । त्यसैले पाठमा शब्दभण्डारको क्रम उचित नै देखिन्छ ।

**ख) खरानीको डोरी**

यस कथामा पहिलो अनुच्छेदमा दुर्गम अक्कल, अगाध, घोषणा शब्दहरू रहेका छन् भने मक्यभागमा खिरिलो, दाखिला, डुड, हस्तान्तरण स्पर्श र अन्त्यमा दोधार, उल्लङ्घन परिपत्र आदि शब्दहरूको प्रयोग गरेर कथाको स्तरणलाई उचित बनाएको छ ।

**ग) मानिसलाई कति जमिन चाहिन्छ**

यस कथामा के जटिल शब्दहरू समावेश गरिएको हुनाले स्तरण नमिलेको देखिन्छ कथाको सुरुभागमा अबकास प्राप्त विघा, आजित मध्यमागमा भोल्गा, कृण्ठित, रुबल र अन्त्य भागमा उर्वर एकड, क्षितिज जस्ता शब्दहरू समावेश छन् ।

**घ) कदर्य**

कदर्य कथामा पहिलो भागमा कदर्य, आभूषण, मन्त्रोच्चरण, दोस्रो भागमा चुर्णमिश्रित, भाउन्न अन्त्य भागमा रौप्यामुद्रा, ताम्रपत्र, उच्छृङ्खल आदि शब्दहरू भएको छ । यस कथामा जटिल शब्दहरू परेको कारण स्तरण अनुरूप नमिलेको देखिन्छ ।

**ङ) बुहारीको खोजी**

कथामा धेरै सरल शब्दहरू मात्र समावेश गरिएको देखिन्छ । पहिलो भागमा सुशिल, दयालु र मध्य भागमा जासुस, निरास, पागल अन्त्य भागमा धेर्यशील, धर्मात्मा, गरिमा शब्द रहेको हुनाले कक्षाको स्तरभन्दा सजिलो भएको देखिन्छ ।

**च) मास्टरकी आमा**

यस कथाको पहिलो भागमा एक हलको मेलो, बनिबुतो, मेलापात मध्य भागमा धनमाथिको रातोगेडी, मिजासिलो, पालो, अन्त्य भागमा खैलाबैला, अवाक हुनु जस्ता शब्दहरू भएको कारण स्तरण मिलेको नै देखिन्छ ।

## ४.५ पाठ्यक्रमको क्षेत्र र क्रमका आधारमा कथाको अध्ययन

साहित्यको जुनसुकै विधामा पाठ्यक्रम क्षेत्र र क्रमले महत्वपूर्ण स्थान ओगटेको हुन्छ । यसले विषयवस्तुलाई सार्थक बनाउन सहयोग पुऱ्याउदछ । पाठ्यक्रमको क्षेत्र भन्नाले कुनै पनि विधामा समावेश हुने पाठहरू कुन कुन स्रोत वा विषयसँग सम्बन्धित छन् भन्ने बुझिन्छ भने क्रम भन्नाले विधामा समावेश भएका पाठहरू मध्ये कुन सुरुमा राख्ने त्यसपछि कुन राख्दै जाने भन्ने कुरालाई जनाउदछ  वा पाठ्यक्रमले निर्देशन गरे अनुसारको पाठहरूलाइ मिलाएर पाठ्यपुस्तक समावेश गर्नु नै क्रम हो । कथा विधाको क्षेत्र निर्धारण गर्दा एक स्रोत विषयसँग सम्बन्धित कथाहरू मात्र पाठ्यक्रमा राखियो भने त्यसले निर्धारण गरेको उद्देश्यहरू पूरा हुन सक्दैनन । त्यसले जून सकुनै विधा पनि विविध क्षेत्रबाट विषयवस्तु सङकलन गर्नु सबल प्रभावकारी पाठ्यकमको विशेषता मानिन्छ विधाहरूको छनोट गर्दा उपयुक्त क्षेत्रहरूको कायम गरेर मात्र हुदैन साथमा तिनको कमिकतालाई पनि उपयुक्त रुपमा ध्यान दिनु आवश्यक ठानिन्छ । पाठ्यवस्तुको क्रमिकतालाई ध्यानमा दिदाँ सरलबाट जटिल ज्ञातबाट अज्ञात, विशिष्टबाट समान्य तर्फ अग्रसर हुनुपर्दछ ।

नि.मा.वि. तहका पाठ्यक्रमले कथा विद्यालाई पाठ्यपुस्तकमा समावेश गर्दा लोक, नीति, पौराणिक ऐतिहासिक र आधुनिक विषयवस्तुको क्षेत्रबाट लिएर उक्त कथाहरूलाई पाठ्यक्रमले निर्देशि गरे अनुरूप क्रम मिलाएर एक पछि अर्को गर्दै मिलाएर राख्नु पर्दछ कक्ष सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको क्षेत्रका आधारमा अध्ययन निम्नानुसार गरिएको छ :-

### क) पौराणिक कथा

वेद, पुराण, महाभारत, रामायण आदिमा उल्लेख भएका धार्मिक विषयवस्तुमा आधारित प्राचिन परम्पराको गौरब बढाउने खालका कथा पौराणिक कथा हो (आचार्य, २०६३) । आधुनिक तथा वर्तमान युग चेतनालाई प्रतिविम्वित गर्ने खालको कथाहरूलाई पौराणिक कथाका रूपमा समावेश गरिन्छ । कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू मध्ये वाल्मीकि र कदर्य शीर्षक कथा यस अन्तर्गत पर्दछ । बालबालिकाहरूको रुचि क्षमता अनुसार नै यी कथाहरू रहेको हुनाले यी दुवै कथाहरू पाठ्यक्रमको क्षेत्रअनुरूप सान्दर्भिक नै देखिन्छ ।

### ख) लोककथा

लोकमा चल्दै आएको गाउघरमा प्रचलित परम्परागत लिखित वा अलिखित रूपले चल्दै आएको ज्ञानवर्द्धक कथाहरू यस अन्तर्गत पर्दछ । खासगरी लिखित स्रोत नभेटाइएको लोकमा चल्दै आएको कथाहरूलाई लोक कथा भनिन्छ । यसकिसिमका कथाहरू सास्कृतिक तथा राष्ट्रिय जनजीवनका रीतिरीवाजलाई प्रतिविम्वित गर्ने खालको हुनुपर्छ । कक्षा सातको नेपाली किताबमा सामाविष्ट छ वटा कथा मध्ये खरानीको डोरी शीर्षक कथा लोक कथाका विषय वस्तुमा आधारित रहेको पाइन्छ । त्यसैले यस कथा लोक कथा अन्तर्गत पर्दछ । यसले गर्दा कथा पाठ्यक्रमको क्षेत्र अनुरूप नै रहेको देखिन्छ ।

### ग) नैतिक कथा

नैतिक चरित्र निर्माण गर्ने उपदेशात्मक कथालाई नीति कथा भनिन्छ । महाभारतका सामाजिक कथा नैतिक कथाका रुपमा समावेश गरेको पाइन्छ । कक्षा सातको नेपाली किताबमा मास्टरकी आमा शीर्षक कथा नैतिक कथा अन्तर्गत पर्दछ । नैतिक कथा पाठ्यक्रमले निर्देश गरेको क्षेत्र अनुरूप भएकाले यस कथालाई कक्षा सातमा समावेश गर्नु प्रसाङ्गिक वा प्रभावकारी नै भएको देखिन्छ ।

### घ) आधुनिक कथा

वर्तमान युगचेतनालाई प्रतिविम्वित गर्ने खालका समय सापेक्ष कथालाइ आधुनिक कथा भनिन्छ । समसामयिक युगजीवनका विविध पक्षहरूलाई उद्घाटन गरी युगीन चेतना

उद्बोधन गराउने खालका कथालाई आधुनिक कथाका रूपमा लिइन्छ । सामाजिक बालमनोवैज्ञानिक, यथार्थवादी कथा यस अन्तर्गत पर्दछन् । कक्षा सातको हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरू मध्ये मासिनलाई कति जमिन चाहिन्छ? र बुहारीको खोजी शीर्षक दुई कथा वर्तमान युगचेतनालाई प्रतिविम्वित गर्ने प्रकृतिका भएको कारण यी कथाहरू आधुनिक कथा अन्तर्गत पर्दछ । आधुनिक कथा पनि पाठ्यक्रमले निर्देश गरे अनुरूप भएको कारण कक्षा सातका लागि उपयुक्त रहेको छ ।

यसरी माथि उल्लिखित छ वटा कथाहरू कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा समावेश भएको पाइन्छ । यी कथाहरू अध्ययन विश्लेषण गर्दा निम्नमाध्यमिक तहको पाठ्यक्रमले तोके अनुरूप पैराणिक कथा, लोक कथा, नीति कथा र आधुनिक कथा चारवटा क्षेत्रअन्तर्गत बाल्मीकि, कदर्य, खरानीको डोरी, मास्टरकी आमा, मानिसलाई कति जमिन चाहिन्छ?, बुहारीको खेजी गरी जम्मा ६ वटा कथाहरू कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको छ । कथाहरू नि.मा.वि. पाठ्यक्रमले निर्देश गरे अनुरूप नै भएको पाइन्छ । त्यसैले पाठ्यक्रमको क्षेत्र अनुसार नै कथाहरू रहेको देखिन्छ । नि.मा.वि. पाठ्यक्रमले कक्षा सातका लागि कथा क्षेत्रका रूपमा पैराणिक कथा, लोक कथा, नीति कथा, आधुनिक कथा आदि क्षेत्रलाई निर्देशित गरेको छ । हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पनि यीनै क्षेत्रका रहेका छन् ।

## ४.६ पाठ्यक्रमको क्रमको आधारमा

नि.मा.वि. तहको पाठ्यक्रमले निर्देश गरेको क्षेत्र अनुरूपका पाठहरू सुरुमा कुन राख्ने त्यसपछि कुन गर्दै एक पछि अर्को क्रम मिलाएर राख्ने प्रक्रियालाई क्रम भनिन्छ । यहाँ क्रम भन्नाले कक्षा सातको हाम्रो नेपाली किताबमा प्रयुक्त कथाहरू पाठ्यक्रमले निर्देशन गरे अनुरुपको क्रममा भए नभएको पत्ता लागउनु भन्ने बुझिन्छ । नि.मा.वि. पाठ्यक्रमले कथाको क्रममलाई सर्वप्रथम लोक कथा, नीति कथा, पौराणिक कथा र आधुनिक कथाको क्रममा समावेश गर्नु पर्छ भन्ने निर्देश गरेको छ । कक्षा ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा जम्मा ६ वटा कथाहरू पाठ्यक्रमको क्षेत्र अनुरूप समाविष्ट छन् । ती कथाहरू पाठ्यक्रमले निर्देश गरे अनुरूपको क्रममा पाठ्यपुस्तकमा समाविष्ट भई नभएको कुराई पत्ता लगाउनुलाई क्रम भनिन्छ ।

कक्षा सातको हाम्रो नेपाली किताबमा समावेश कथाहरूको अध्ययन र पाठ्यक्रमबीच तुलनात्मक रूपमा अध्ययन विश्लेषण गर्ने क्रममा कक्षा सातका नेपाली किताबमा समाविष्ट कथाहरूको क्रम नमिलेको देखिन्छ। नेपाली पाठ्यक्रममा उल्लेख भए अनुसार सर्वप्रथम खरानीको डोरी लोक कथा राख्नु पर्ने देखिन्छ। त्यसपछि नैतिक कथा मास्टरकी आमा पौराणिक कथा वाल्मीकि कदर्य र अन्त्यमा आधुनिक कथाहरू मानिसलाई कति जमिन चाहिन्छ?, बुहारीको खोजीलाई क्रमिक रूपमा राख्नु पर्दछ। यस क्रममा राख्दा विद्यार्थीहरूको रूचि क्षमता तह अनुसार क्रम मिलेर उपयुक्त प्रभावकारी हुने देखिन्छ तर कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समावेश कथाहरू यस क्रममा नभई सर्वप्रथम वाल्मीकि पौराणिक कथा, खरानीको डोरी, लोक कथा, मानिसलाई कति जमिन चाहिन्छ?, आधुनिक कथा, कदर्य पौराणिक कथा, बुहारीको खोजी, आधुनिक कथा र अन्तयमा मास्टरकी आमा नीति /नैतिक कथाको क्रममा राखिएको हुनाले नि.मा.वि. तहको पाठ्यक्रमले निर्देश गरे अनुरुपको क्रम नमिलेको देखिन्छ।

यसरी पाठ्यक्रमले तोके अनुरुपको क्षेत्र र क्रम मिलाएर राख्दा शिक्षण बढी प्रभावकारी उपयुक्त र उद्देश्यमूलक हुने देखिन्छ।

# अध्याय : पाँच
# निष्कर्ष, सारांश र प्रयोग

## ५.१ निष्कर्ष

नेपाल सरकार पाठ्यक्रम विकास केन्द्र द्वारा निर्मित पाठ्यक्रम अनुरूप कक्षा सातको हाम्रो नेपाली किताब पाठ्यपुस्तकमा समावेश कथाहरूको आफ्नो अध्ययन विश्लेषणबाट निम्नलिखित निष्कर्षहरू निकालिएको छ :

१. कक्षा ७ को हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरूलाई हेर्दा यसमा ६ वटा कथाहरू समावेश गरिएको छ। अङकभारको दृष्टिले १० अङ्कभार छुट्याएको छ।

२. पाठ्यक्रममा शिक्षण गर्ने विद्यागत रूपमा समय र अङ्क विभाजन गरिएको छ।

३. पाठ्यक्रमको उद्देश्य प्रतिविम्वित हुने गरी पाठ्यपुस्तकमा विधा र पाठहरू चयन गरिन्छ पर्छ तर कक्षा ७ को हाम्ो नेपाली किताबमा राखिएका कथाहरू पाठ्यक्रम अनुरूप पूर्ण चयन गरिएको छैनन। कक्ष सातका पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्दिष्ट गरेका लोक कथा, पौराणिक कथा, नौतिक कथा आधुनिक कथा रहेका छन् भने ऐतिहासिक कथा समावेश गरिएको छैन। त्यसैले पाठयक्रम अनुरूप विषयवस्तु चयन भएको देखिदैन।

४. कक्षा सातको हाम्रो नेपाली किताबमा समाविष्ट कथा शिक्षणको औचित्य भाषिक सीप विकास गर्नु हो। भाषाका सीपहरू (सु.वो.प.ले) विकासका दृष्टिले हेर्दा सुनाइ सीप विकासमा हाम्रो नेपाली पाठ्यक्रम अनुसारका पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरू नै सक्षम देखिन्छ।

५. सुनाइ सीप विकास गर्न सहयोग गर्ने कथाको संख्यालाई हेर्दा आधुनिक कथाबाट सुनाइ सीपको विकास हुने देखिन्छ।

६. भाषाका चार सीप (सु.वो.प.ले.) मध्ये लेखाइ सीपलाई बढी महत्व दिएको पाइन्छ।

७. कक्षा ७ को हाम्रो नेपाली किताबमा समाविष्ट कथा मध्ये पौराणिक कथाको सङ्ख्या बढी देखिन्छ।

८. कक्षा सातको नेपाली पाठ्यपुस्तकमा समावेश सबै कथाबाट पढाइ सीप विकास गर्न सकिन्छ तर साना कक्षाका निमित उपयुक्त मानिने सस्वर पठनलाई अपेक्षाकृत रूपमा कम प्रश्रय दिएको पाइन्छ।

९. कक्षा सातको हाम्रो नेपाली किताबमा समावेश आत्मलापपूर्ण कथा मासिनलाई कति जमिन चाहिन्छ?, बुहारीको खोजी, आधुनिक कथाहरूले केही बढी बोलाइ सीप विकासमा महत्व दिएको पाइन्छ ।

१०. आकारको दृष्टिले हेर्दा सुरुमा धेरै लामो पछाडि छोटा कथाहरू समावेश गरिएको हुनाले क्रमिकता मिलेको देखिदैन ।

११. क्षेत्र निर्धारणको हिसाबले कथाहरू पाठ्यक्रम अनुरूप नै रहेको देखिन्छ ।

१२. क्रम निर्धारणको हिसाबले सर्वप्रथम खरानीको डोरी, मास्टरकी आमा , बाल्मीकी, कदर्य, बुहारीको खोजी, मानिसलाई कति जमिन चाहिन्छ? को क्रममा कथा समावेश गर्नु पर्ने देखिन्छ ।

१३. कक्षा सातको नेपाली किताबमा समावेश सबै कथाहरू विद्यार्थीहरूको रूचि क्षमता र स्तर अनुरूप रहेको देखिन्छ । तापनि शब्दभण्डारको हिसाबले अन्य कथा प्रभावकारी नै भएको देखिए पनि मानिसलाई कति जमिन चाहिन्छ?, कदर्य शीर्षक कथामा प्रयुक्त शब्दहरू अलि जटिल क्लिष्ट भएको देखिन्छ ।

१४. कक्षा सातको हाम्रो नेपाली किताब मा समाविष्ट कथाहरूमा मौनपाठन र सस्वरपठनको लागि प्रभावकारी नै भएको देखिन्छ ।

## ५.२ सारांश

यस शोधार्य गर्ने क्रममा कथा विधा सम्बन्धि विभिन्न पुस्तकहरू कक्षा सातको नेपाली पाठ्यक्रम र हाम्रो नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको कथाहरूको प्रत्यक्ष तुलनात्मक रूपमा अध्ययन, व्याख्या विश्लेषण गरी अनुसन्धान कार्यलाई निष्कर्षमा पुऱ्याएको छ ।

यसरी शोधकार्यको अध्ययन छलफल व्याख्या विश्लेषण गर्दा पाठ्यक्रमले निर्देश गरे अनुरूपको कथा कक्षा ७ को हाम्रो नेपाली पाठ्यपुस्तकमा लोक कथा, नीति, पौराणिक कथा, ऐतिहासिक कथा र आधुनिक कथा गरी जम्मा ६ वटा कथाहरू समाविष्ट छन् । पाठ्यक्रमले तोके अनुरूप पौराणिक कथाका रूपमा बाल्मीकी र कदर्य शीर्षक दुई कथा समावेश गरिएका छन् । लोक कथा खारानीको डोरी, नौतिक कथा मास्टरकी आमा, आधुनिक कथाका रूपमा मानिसलाई कति जमिन चाहिन्छ र बुहारीको खोजी शीर्षक अनुरूपका कथाहरू रहेका छन् । कक्षा ७ का पाठ्यपुस्तकमा समाविष्ट कथाहरू मध्ये पौराणिक कथाको रूपमा

रहेको कदर्य शीर्षक कथा र आधुनिक कथाका रूपमा रहेको मानिसलाई कति जमिन चाहिन्छ , शीर्षक दुई कथा विद्यार्थीहरूको क्षमता र तह भन्दा केही जटिल रहेको छ । यी बाहेक अन्य चार कथाहरू कक्षा ७ का विद्यार्थीको लागि उपयुक्त नै रहेको छ । किताबमा समाविष्ट कथाहरू मध्ये बाल्मीकी, कदर्य र मानिसलाई कति जमिन चाहिन्छ । ३ कथामा केही जटिल शब्दहरूको प्रयोग भएको देखिन्छ ।

कक्षा ७ को पाठ्यपुस्तकमा समाविष्ट कथाहरूले भाषाका चार सीपलाई समान रूपमा महत्व नदिएर लेखाई सीपलाई बढी महत्व दिएको पाइन्छ । सबै कथाहरूको अध्ययन विश्लेषण गर्दा छनोटका आधारले पाठ्यक्रम अनुरूप भए पनि स्तरणका आधारले पाठ्यक्रमले निर्देश गरे अनुरूप नमिलेको पाइएको छ । कक्षा ७ को पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पाठ्यक्रमको क्षेत्र र क्रममका आधारमा अध्ययन विश्लेषण गर्दा पाठ्यक्रमले लोक कथा, नीति कथा, पौराणिक कथा, आधुनिक कथाका रूपमा क्रमम मिलाएर राख्नु पर्ने तोकेको भए पनि नेपाली पाठ्यपुस्तकमा पौराणिक कथा लोक कथा, आधुनिक कथा र नौतिक कथाका रूपमा रहेका हुनाले पाठ्यक्रम अनुरूप क्रमम मिलेको देखिदैन । क्षेत्रका आधारमा भने पाठ्यक्रमले निर्देश गरे अनुरूपको क्षेत्रबाट नै पाठ्यपुस्तकमा कथा समावेश गरिएको छ । कथाका पाठहरूमा आवश्यक उखान टुक्काहरूको प्रयोग भए अझ प्रभावकारी हुने देखिन्छ । कथा विधाको चयन गर्दा विद्यार्थीहरूको क्षमता मनोविज्ञानको अध्ययन गरी चयन गरिए उपयुक्त हुन्छ । पाठ्यक्रमले निर्देश गरेअनुरूपको क्रममा कथाको स्तरण गरिनु पर्ने कथामा समावेश भएका दुर्वधोध्य शब्दहरू हटानु पर्ने देखिन्छ ।

## ५.३ प्रयोग

### क) नीति निर्माताका लागि

जुनकुनै शोधकार्यले पनि त्यस शोध शीर्षक सम्बन्धी कार्य गर्ने नीति, निर्माताका लागि सहयोग पुऱ्याउने किसिमको हुनु पर्दछ । यस पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा विधाको अध्ययन शीर्षक शोधकार्यले नीति निर्माताका लागि विभिन्न क्षेत्रमा सहयोग पुऱ्याएको देखिन्छ । यस शोधकार्यले नीति निर्माताका लागि निम्न लिखित कुरामा सहयोग पुऱ्याएको छ ।

- कक्षा ७ का नेपाली पाठ्यपुस्तकका समय सापेक्ष परिमार्जन गर्न,

- पाठ्यपुस्तकमा समाविष्ट कथाहरू पाठ्यक्रम अनुरूप समावेश गर्न,
- समय सापेक्ष पाठ्यक्रमको परिमार्जन गर्न,
- पाठ्यक्रमले निर्देश गरे अनुरूप छनोट र स्तरणका आधारमा कक्षा ७ को पाठ्यपुस्तकमा कथाहरू समावेश गर्न,
- विद्यार्थीहरूको क्षमता र मनोविज्ञानको अध्ययन गरी कथाहरूको चयन गर्न ।

## ख) प्रयोग तहका लागि

यस शोधकार्य कक्षा सातको विषय शिक्षक विद्यार्थी वा प्रयोग तहका लागि निम्न लिखित कार्यमा सहयोग पुऱ्याएको छ :

- कक्षा सातको पाठ्यपुस्तकमा समाविष्ट कथाहरू विद्यार्थीको रूचि क्षमता र तह अनुरूप भए नभएको पत्ता लगाउनु,
- कथाहरू पाठ्यक्रम अनुरूप भए नभएको पहिचान गर्न,
- विद्यार्थीको लागि जटिल कथाहरू छनोट गर्न,
- शिक्षकलाई पाठ्यक्रम अनुरूप शिक्षण गर्न
- विद्यार्थीको क्षमता र तह अनुरूपको शब्दहरू कथा विधामा समावेश गर्न,
- विद्यार्थीहरूलाई भाषिक सीपमा दक्ष बनाउन,
- विद्यार्थीहरूलाई कथा लेखन सीप विकास गर्न
- विद्यार्थीहरूलाई साहित्य तर्फ आकर्षण गर्न ।

## ग) भावी अध्ययनका लागि शोध शीर्षकहरू

यस शोधकार्यले भावि दिनहरूमा गर्ने अन्य शोधकर्तालाई शीर्षक छनोट गर्न पनि सहयोग पुऱ्याउँदछ । यस शोधकार्यले भावि दिनहरूमा कक्षा सातको कथा विधा सम्बन्धि शोध शीर्षकहरू छनोट गर्न सहयोग गर्ने छ । निम्नमाध्यमिक तह कक्षा सातको नेपाली पाठ्यपुस्तकधमा समाविष्ट कथा विधा सम्बन्धी भावी अध्ययनको लागि शोध शीर्षकहरू निम्नानुसार रहेका छन् :

१. शीक्षणीय प्रयोजनका दृष्टिले कक्षा सातको हाम्रो नेपाली किताबमा प्रयुक्त कथाका पाठहरूको विश्लेषणात्मक अध्ययन ।
२. कक्षा सातको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त शब्दभण्डारको अध्ययन ।
३. भाषाशैलीको आधारमा कक्षा सातको पाठ्यपुस्तकमा समाविष्ट कथाहरूको अध्ययन ।

# सन्दर्भ सामग्री


अधिकारी, विष्णुप्रसाद (२०६९) *निम्न माध्यमिक शिक्षक दिग्दर्शन,* काठमाडौः आशिष बुक्स हाउस प्रा.लि. ।

अधिकारी, हेमाङ्गराज (२०५९) *नेपाली भाषा शिक्षण,* काठमाडौः कुञ्जल प्रकाशन ।

अर्याल, बेदप्रसाद (२०५५) *कक्षा ५ को किताबमा प्रयुक्त कथाको विश्लेषणात्मक अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि.वि., किर्तिपुर ।

आचार्य, देवीप्रसाद (२०६३) *कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाको पाठ्यक्रम अनुरूपताको अध्ययन,* अप्रकाशित शोधपत्र, सुकुना ब.क्याम्पस, मोरङ ।

खत्री, आनन्द (२०६२) *कक्षा ८ को कथाको विश्लेषण,* अप्रकाशित शोधपत्र, त्रि.वि.वि., कीर्तिपुर ।

खत्री, लक्ष्मी (२०६३) *कक्षा ७ को पुरानो (२०३८) र नयाँ (२०५०) पाठ्यक्रमअनुसार नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको तुलनात्मक अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि.वि., कीर्तिपुर ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६९) *नेपाली कथा र उपन्यास,* काठमाडौः हिसि अफसेट प्रिन्टस् प्रा.लि. ।

निरौला, कमला (२०६८) *कक्षा ६ र ७ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथाको अध्ययन,* अप्रकाशित शोधपत्र, सुकुना ब.क्याम्पस, मोरङ ।

नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र (२०६४) *निम्न माध्यमिक शिक्षा पाठ्यक्रम,* काठमाडौः लेखक ।

नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्र (२०६८) *हाम्रो नेपाली किताब कक्षा सात,* काठमाडौः लेखक ।

भट्टराई, रामप्रसाद (२०६८) *भाषिक अनुसन्धान विधि,* काठमाडौः शुभकामना प्रकाशन ।

भट्टराई, इलोम (२०६१) *कक्षा सातको नयाँ पाठयक्रम अनुसार नेपाली पाठ्यपुस्तकमा समावेश कथाको विश्लेषणात्मक अध्ययन,* अप्रकाशित शोधपत्र, त्रि.वि.वि., किर्तिपुर ।

लम्साल, रामचन्द्र र अन्य (२०६६) *भाषा पाठ्यक्रम तथा शिक्षण पद्धति,* काठमाडौः भुडीपुराण प्रकाशन ।